मुक्तिको खोजीमा
हरवा-चरवा

THE FREEDOM FUND

CSRC
आत्मनिर्भर केन्द्र

प्रकाशक
सामुदायिक आत्मनिर्भर सेवा केन्द्र
फोन : ०१-४३६०४८६/४३५७००५
ईमेल : landrights@csrcnepal.org

प्रकाशन सहयोगी
फ्रिडम फन्ड

(धनुषा, सिरहा र सप्तरीलगायत जिल्लाका हरवा-चरवा समुदायको वास्तविकता चित्रण गर्न यो पुस्तिका प्रकाशन गरिएको छ। जसलाई सामुदायिक आत्मनिर्भर केन्द्रका लागि पत्रकार रघुनाथ लामिछानेले तयार गर्नुभएको हो।)

मुक्तिको खोजीमा
हरवा-चरवा

THE FREEDOM FUND

CSAC
आत्मनिर्भर केन्द्र

विषय-सूची

मुक्तिको खोजीमा हरवा-चरवा ५

परिचय ५

हरवा-चरवा प्रथाको स्रोत ६

अबको बाटो ८

सङ्घीय सरकार ८

प्रादेशिक सरकार ८

स्थानीय सरकार ९

हरवा-चरवा समुदायको यथार्थ चित्रण गर्ने केही घटना अध्ययन १०

६० वर्ष काम, शून्य दाम १०

नेताले नै बदमासी गरेपछि १२

ज्याला मात्र १९ रुपियाँ १५

१० हजार नहुँदा ज्यान गएको खोप १८

विचल्लीमा सिङ्गो परिवार २०

जसलाई उपचार गराउन पनि फुर्सद छैन २३

दैनिक २० रुपियाँमा पूर्ण सेवा २६

'नेता' कै बिजोग २९

जिन्दगी नै नोकरीमा बित्ने चिन्ता ३१

ऋणको पासोमा जिन्दगी ३४

सान्दर्भिक सामग्री ३७

धुर र घुरको जिन्दगी ३७

उनीहरू को हुन् ? ४०

मुक्तिको खोजीमा हरवा-चरवा

परिचय

नेपाली शब्दकोशले 'हरुवा' भनेको खेतबारीमा हलो जोत्ने र 'चरुवा' भनेको गाईवस्तु चराउने मानिस अर्थ्याएको छ। तराईमा हरुवालाई हरवाह र चरुवालाई चरवाह भनिन्छ। नेपालको संविधान, २०७२ मा भने हरवा-चरवा शब्द प्रयोग गरिएको छ।

साठीको दशकसम्म हरवा-चरवा पूर्णतः बँधुवा श्रम व्यवस्था थियो। ऋण, अन्न वा जमिन कमाउन लिएबापत परिवारको केही वा सबै सदस्यले गिरहतकोमा खेतीपातीलगायतको काम गर्नुपर्थ्यो। वार्षिकरूपमा गिरहतले केही अन्न दिन्थ्यो। कतिले ऋण वा अन्न लिएको ब्याजस्वरूप सित्तैंमा काम गर्नुपर्थ्यो। गिरहत बाहेककोमा काम गर्न पाइँदैनथ्यो। हिजोआज भने यसरी काम गर्नेको सङ्ख्या घटेको छ। शोषणविरुद्धको बढ्दो चेतना र नयाँ कानुनी प्रावधानहरूका कारण हरवा-चरवा प्रथा कायमै रहे पनि काम गराइको शैलीमा भने विस्तार परिवर्तन देखिन थालेको छ। तर शोषण र पीडाको मात्रा भने करिब उस्तै छ।

हरवा-चरवा भूमिहीन छन्। गाउँब्लक, अरूको जग्गा, पोखरीको ढिक, नदीको किनार, ऐलानी आदि जग्गामा साना झुप्रा बनाएर जीवन बिताइरहेका छन्। कतिको नागरिकता छैन। बालबच्चाको जन्म दर्ता छैन। चरम गरिबीकै कारण उनीहरूका बालबालिका विद्यालय नै जाँदैनन्। छुवाछूत र जातीय विभेदले पनि थिचिएका छन्। यी यस्ता कारण हुन्, जसले पुर्खौंदेखि मानिसलाई अरूको घरमा कामदार बस्नुपर्ने अवस्था सिर्जना गरिदिएको छ। हरवा-चरवा त्यसैको प्रमाण हो।

सामान्यतया ४ वटा अवस्थामा श्रमिक परिवार हरवा-चरवा प्रथा सहन बाध्य देखिन्छन् ।

१- जीवनको गुजारा ठप्पै रोकिने भएपछि गिरहत अथवा जग्गाधनीसँग सर्धै उसको खेतमा हलो जोत्ने सर्तमा ऋण लिँदा । जग्गा धनीको जग्गा ज्यालामा होइन, पहिले लिएको ऋणको बदलामा जोत्नुपर्ने भएपछि न ऋण तिरिन्छ न त ब्याज तिर्ने पैसा नै अन्तबाट कमाउन समय हुन्छ । त्यसपछि जीन्दगीभर हलो पनि जोत्दै जानुपर्ने र साँवा ब्याज पनि बढ्दै जाने चक्र चलिरहन्छ । ५ हजार रुपियाँको ऋण ५० वर्ष हलो जोत्दा पनि तिर्दिँदैन । बरु ब्याजमाथि स्याज जोडिएर छोरा/नातिको पालामा पुग्दा ऋण ५० हजार नाघिसकेको हुन्छ ।

२- बासका निम्ति झुपडी बनाउने जमिन नहुँदा । जग्गा धनीले झुपडी बनाउने जग्गा काम गरुन्जेलका लागि दिए पनि हरवाकै नाममा कहिल्यै दिनु नपर्ने हुँदा हरवाको परिवारले अन्त कतै छाप्रो बनाउने जमिन नकिनेसम्म बस्नैका लागि पनि उसको हरवा-चरवा भइरहनुपर्ने भयो । जुन पुस्तौँसम्म कायम रहन्छ ।

३- बेरोजगारी र गरिबीका कारण अत्यन्तै कम ज्यालामा हरवा स्वीकार्नुपर्दा । तराई क्षेत्रमा श्रमिकलाई दिइने ज्याला भन्नाले नगद होइन, अन्न बुझिन्छ धेरै अवस्थामा । अझ कतिपयले त श्रमिकलाई दिइने ज्यालाबापतको अन्न हेपेर कम वा तल्लो स्तरको दिने गर्छन् । यस्तो अवस्थामा श्रम गरेरै बाँच्न धौ धौ हुने गर्छ । अनि श्रमिकले अरू उद्यम गरी स्वतन्त्र हुने सम्भावनै रहँदैन । जसले हरवा बस्नैपर्ने स्थिति निम्त्याउँछ ।

४- बाबु/आमा हरवा प्रथाअन्तर्गत पूरै गिरहत अथवा जग्गा धनीको बन्धन अर्थात निगाहामा बाँच्ने भएपछि तिनका सन्तानचाहिँ स्वतन्त्र हुने कुरै भएन । ती सन्तानले चाहिँ जग्गा धनीको वस्तुभाउ चराउने काम गर्नैपर्ने भयो । जसलाई चरवा भनिन्छ । चरवा बच्चाहरू मात्र हुन्छन् भन्ने छैन तैपनि चरवाको मुल भनेको यही नै हो ।

हरवा-चरवा प्रथाको स्रोत

हरवा-चरवा मधेसी दलितभित्रको पनि सबैभन्दा सीमान्त दलितमाथिको उत्पीडन प्रथा हो । पश्चिममा हलिया प्रथा जस्तै पूर्वमा हरवा-चरवा सिधै

दलितको शोषणसँग जोडिएको छ। कृषि युगको सुरुवातदेखि नै समाजमा जमिन हुने र नहुनेबीच मालिक र श्रमिकको जन्म भएको बुझिन्छ। सबैजसो हरवा-चरवा भूमिहीन देखिनुले त्यस्ता कृषि श्रमिकहरू नै माथि उल्लेख गरिएका विभिन्न कारणले हरवा-चरवा प्रथाको साङ्गलोमा बाँधिन बाध्य भएका देखिन्छन्।

तराईमा विद्यमान यो प्रथा कहिलेदेखि सुरु भयो भन्ने एकिन तिथिमिति अहिलेसम्म फेला परेको छैन। तर पनि यो भूमि र गरिबीसँग जोडिएको विषय हो भन्नचाहिँ कुनै अनुसन्धान आवश्यक पर्दैन। हरवा-चरवासँग खेती गर्ने त परै जाओस्, आफ्ना लागि झुपडी ठड्याउने जमिनसमेत कहिल्यै भएन। यसका लागि पनि उनीहरू मालिकको शरणमा पर्नुपर्ने अवस्था निम्त्याइयो। बासका लागि थोरै जमिन त दिए तर आफ्नो खेती सुनिश्चित गर्ने सर्तमा। केहीले आफ्नो खेती गरिदिएबापत केही जग्गा कमाइखानका लागि दिएका पनि देखिन्छन् तर त्यो जीविकाका लागि पर्याप्त हुँदैन। खानका लागि पुग्दो जमिन नभएपछि सधैँ मालिकको जग्गामा श्रम गर्नुपर्ने नै भयो। त्यसैले यो प्रथा गरिबी र भूमिसँग अन्तरसम्बन्धित विषय हो।

हरवा-चरवाले उचित ज्याला पाउँदैनन्। तर पनि जीविकाको अन्य विकल्प नभएकाले उनीहरू एउटै मालिककोमा बाँधा श्रमिकका रूपमा बस्न बाध्य भएका हुन्। घर/व्यवहार चलाउनका लागि लिएको सापटी पनि उनीहरूको पुस्तौँपुस्तासम्म नसकिने ऋणका रूपमा रहेको छ। धेरैले बाबु/बाजेले कुनै जमानामा कुनै व्यक्तिसँग लिएको ऋणको ब्याजबापत काम गरिदिनुपर्ने बाध्यता छ। विडम्बना त यो छ कि जसको घरमा पुस्तौँदेखि ऋण चुक्ताका लागि श्रम गरिरहेका हुन्छन्, तिनैलाई ऋण कति थियो र कति समय श्रम गरेपछि त्यो कट्टा हुन्छ भन्नेसमेत जानकारी हुँदैन।

यस अर्थमा हरवा-चरवा पुस्तौँदेखि न्यायिक ज्यालाबिना नै श्रम गर्न बाध्य छन्। झट्ट हेर्दा न्यून नै भए पनि ज्यालामा काम गरेको देखिन्छ तापनि ऋण, जग्गा, झुपडी वा अन्य यस्तै बाध्यकारी सम्बन्धबाट उनीहरू बाँधिएका छन्। यसरी सामन्ती प्रथाका कारण उनीहरूले गरेको श्रमको न्यून ज्याला, लिएभन्दा बढी रकमको तमसुक बनाउने, चर्को ब्याज तिर्नुपर्ने र जुनसुकै सरकार आए पनि हरवा-चरवाका पक्षमा खास नीति तथा कार्यक्रम नल्याइएकाले अन्यायको साङ्लोबाट फुत्कन गाह्रो भएको हो। यही कारण आजको सभ्य भनिने युगमा पनि हरवा-चरवाका समस्या झन्-झन् जटिल बन्दै गइरहको छ।

अबको बाटो

हरवा-चरवाको सवाल केवल तिनको मानव अधिकार एवं बाँच्न पाउने अधिकारसँग मात्र जोडिएको छैन । उनीहरूमाझ व्याप्त भूमिहीनता समाप्त पार्नुसँग सम्बन्धित छ । कृषि रोजगारीले मात्र हरवा-चरवाको समस्या समाधान हुँदैन । न त ज्याला वृद्धि नै यसको अचुक उपाय हो । त्यसैले विकल्पस्वरूप दिगो जीविकोपार्जनका कार्यक्रम पनि पुनर्स्थापनाको महत्वपूर्ण पाटो हो । आर्थिक विपन्नताबाट गुज्रिरहेको हरवा-चरवा समुदायका युवाहरू अरूभैँ वैदेशिक रोजगारीमा जान पनि सम्भव छैन । त्यसका निमित्त पनि खेतीमा आमूल सुधार आवश्यक छ । अधिकांश हरवा-चरवाको बास असुरक्षित छ । खोला किनार जस्ता जोखिम स्थानमा बस्न बाध्य छन् । यी सबै समस्या समाधानका लागि सबैभन्दा पहिले हरवा-चरवाको एकिन तथ्याङ्क सङ्कलन गरी उचित पुनर्स्थापना कार्यक्रम सञ्चालन गर्नुपर्छ । ताकि पुर्स्तौंदेखि दोस्रो दर्जाको नागरिक बनाइन बाध्य हरवा-चरवा समुदायका आगामी पुस्ताले यो विषय इतिहासमा मात्र सीमित देख्न सकून् । यसका लागि विभिन्न तहका सरकारले आफूलाई कानुनले दिएको अधिकार प्रयोग गरी निम्न काम गर्नुपर्ने हरवा-चरवा समुदायको मात्र छ ।

सङ्घीय सरकार

हरवा-चरवाको तथ्याङ्क सङ्कलन गरी आर्थिक वर्ष २०७६/०७७ भित्र सबै हरवा-चरवालाई परिचयपत्र वितरण गर्नुपर्छ । हरवा-चरवाको ऋण मिनाहा गरिनुपर्दछ । परिचयपत्रका आधारमा सुरक्षित आवास र कम्तीमा ५ कठ्ठा खेतीयोग्य जग्गा उपलब्ध गराउने नीति तथा कार्यक्रमको योजना (बजेटसहित) पारित गर्नुपर्छ । हलिया र कमैयाको पुनर्स्थापना कार्यक्रममा देखिएका कमजोरीबाट पाठ सिक्दै हरवा-चरवाले अब पुनः दुःख पाउने अवस्था सदाका लागि अन्त्य हुनेगरी काम अघि बढाउनुपर्छ ।

प्रादेशिक सरकार

प्रदेश सरकारले हरवा-चरवा समुदायले सुरक्षित र सम्मानित अवसर प्राप्त गर्ने वातावरण निर्माण गर्नुपर्छ । हरवा-चरवाको समस्या समाधानका लागि प्रदेशस्तरीय आयोग गठन गरी हरवा-चरवा मुक्ति र पुनर्स्थापनाको काम सुरु गर्नुपर्छ । स्थानीय तहको सरकारलाई हरवा-चरवाको एकीन तथ्याङ्क

लिइ प्रमाणीकरण गर्नका लागि सहयोग गर्नुपर्छ। हरवा-चरवा परिवारको जीविकोपार्जन र आयआर्जनका लागि सिपमूलक तालिम र सहुलियत ब्याजमा ऋण उपलब्ध गराउने प्याकेज कार्यक्रम लागु गरिनुपर्छ। हरवा-चरवाले न्यायोचित पारिश्रमिक पाउने प्रावधान सुनिश्चित गर्नुपर्छ। र, युवा पुस्ताका लागि वैकल्पिक जीविकोपार्जन कार्यक्रम, प्राविधिक र व्यावसायिक तालिम व्यवस्था गर्नुपर्छ।

प्रदेश २ मा अझै प्रशस्त खाली जमिन छन्। सरकारी र अन्य त्यस्ता जमिन आवास निर्माणका लागि प्रयोग गर्न सकिनेखालका छन्। जोखिमस्थलमा बसोबास गर्ने हरवा-चरवाका लागि प्रदेश सरकारले सुरक्षित आवास निर्माण र जीविकोपार्जनलाई लक्षित गरी जमिन उपलब्ध गराउनुपर्छ।

स्थानीय सरकार

स्थानीय तहमा समस्या र समाधानको विकल्प पनि छ। हरवा-चरवाको समस्या समाधानको लागि गाउँपालिका/नगरपालिकाले हरवा-चरवाको एकीन तथ्याँङ्कको आधारमा स्थानीयस्तरमा उपलब्ध स्रोत र साधन नक्शाँकन गरि विकल्प तयार गर्न सक्छ। हरवा-चरवाको लगत संकलन गरी प्रमाणिकरण गर्नुपर्दछ। सोको आधारमा परिचय पत्र बितरण गर्नुपर्दछ। हरवाचरवाका बालबालिकालाई दिवा खाजा, स्कुल पोशाक लगायतका शैक्षिक सामाग्रीको बिशेष व्यबस्था गर्नुपर्दछ। न्यायिक समितिले हरवा चरवाहरूप्रति भएका मानवीय दुव्यबहार, अन्याय र महिला हिंशाको तत्काल न्याय दिलाउनु पर्दछ। सडक विस्तार तथा अन्य विकासका नाममा ऐलानी एवं सार्वजनिक जग्गामा बसिरहेका हरवा-चरवालाई बिना बिकल्प उठीवास गराउने कार्य बन्द गरिनुपर्दछ। न्यायिक ज्याला निर्धारण गरी कार्यान्वयन गराउनु पर्दछ। गाउँमै शिविर सञ्चालन गरी हरवा-चरवालाई नागरिकता दिलाउनु पर्दछ।

संबिधानको भाग-४, राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व अन्तर्गत (ञ) सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीतिमा मुक्त कमैया, कम्हलरी, हरवा, चरवा, हलिया, भूमिहीन, सुकुम्बासीहरूको पहिचान गरी बसोबासका लागि घर घडेरी तथा जीविकोपार्जनका लागि कृषियोग्य जमीन वा रोजगारीको व्यवस्था गर्दै पुनःस्थापना गर्ने उल्लेख छ।

हरवा-चरवा समुदायको यथार्थ चित्रण गर्ने केही घटना अध्ययन



६० वर्ष काम, शून्य दाम

लछुवा सदाय

बस्तीपुर, लहान नपा-१४, सिरहा

६७ वर्ष पुगेका लछुवा आफू जान्ने भएदेखि नै धनलाल यादवको घरमा काम गर्न राखिएका थिए। बाबु/बाजेदेखि नै हरवा बस्दै आएकाले लछुवाको घर हुने कुरै भएन। त्यसैले आफूनै भाइसँग एउटै घरमा काम गर्न बस्नु उनको बाध्यता थियो। तर भाइ भने करिब १० वर्षअघि पेटमा ग्यास भरिएका कारण मरे। लछुवाको मनमा सधैँ झक्झक्याइरहने एउटा प्रश्न छ- राम्रोसँग उपचार गर्न पाएको भए बाँच्थ्यो कि ?

करिब ७ बिघा जमिन भएका धनलालको यसबीचमा धेरै प्रगति भयो। दुई छोरा र दुई बुहारी सबै कमाइधन्दामा संलग्न छन्। गोरु बेचेर ट्याक्टर किने। घर चिटिक्क पारे। राजनीतिक पहुँच पनि राम्रै बनाएका छन्। गाउँमा प्रतिष्ठा पनि राम्रै छ। तर उनैको खेतीपाती र बस्तुभाउको काम गरिदिने लछुवाको भने जान्ने हुँदा जे हाल थियो अहिले पनि त्यसमा एक रत्ति फेरबदल आएको छैन। बरु बल्लतल्ल बिहे गरेर दुःखजिलोसँग भित्र्याएकी श्रीमती पनि केही वर्ष सँगै बस्नै नपाइ बितिन्। लछुवा भन्छन्- जिन्दगीमा दुःखबाहेक केही हात परेको छैन आजसम्म।

खासगरी उखु, धान र गहुँ लगाउँछन् धनलाल। रोप्ने, गोड्ने र भित्र्याउने बेलामा केही जन (खेताला) लगाउँछन्। नत्र जोत्ने काम भने लछुवाकै काँधमा रह्यो वर्षौंभर। यति धेरै जमिन एउटै व्यक्तिले जोत्नुपर्ने भएपछि लछुवालाई फुर्सद मिल्ने कुरै भएन। फुर्सदै नमिलेपछि आरामले उनलाई कहिल्यै चिनेन। जब धनलालले गोरु बेचेर खेत जोत्ने ट्याक्टर किने, लछुवालाई लागेको थियो

धनलाल यादवसँग लछुवा सदाय

कि अब केही फुर्सद मिल्नेछ। तर उनको यो अनुमान कहिल्यै वास्तविकतामा परिणत हुन सकेन। कारण- ट्र्याक्टरले खेत जोत्न थालेपछि उनको भूमिका फेरियो। अब उनी हरवाबाट चरवामा परिणत भए। अर्थात खेतीको कामबाट गाईवस्तुको स्याहारसुसारमा खटाइए। यो उनका लागि पदोन्नति थियो वा अवनति ? उनले नै बुझेका छैनन् रे।

यतिखेर लछुवाको काम भनेको धनलालको घरमा रहेका एक गाई, एक भैँसी, केही बाख्रा र पाडापाडीको स्याहार गर्नु हो। घाँस/पराल ल्याउ, काट, खुवाउ, चराउ, धोइपखाली गर, जे जे गर्नुपर्छ गर तर टन्न खुवाऊ, राम्रो बनाऊ, भन्ने बाटो

नदेऊ- बस् यही हो उनको जिम्मेवारी । गाईवस्तुसँगै सम्बन्धित भएर होला, उनको बसोबास पनि गाईवस्तु बाँध्ने गोठसँगै मिलाइदिएका छन् धनलालले ।

७ वर्षकै उमेरदेखि काम गर्न थालेका भए पनि लछुवाले धनलालको घरमा काम गरेका वर्ष ६० पुगे । त्यसैले धेरैले अनुमान गर्ने कुरा हो कि यिनीसँग राम्रै बचत हुनुपर्छ । तर विडम्बना, उनीसँग सुको छैन । धनलाल र उनको परिवारले दिएको भए पो हुनु । उनले सुनाए- 'सरकारले ज्येष्ठ नागरिकबापत दिने भत्ता ल्याउँछु र मन लागेको खर्च गर्छु ।' त्यो खर्च पनि प्रायः धनलालकै नाति/नातिनाका लागि खेलौना र चकलेटमा गर्दा रहेछन् ।

घरमूली धनलाल सबैका 'बुबा' हुन् अनि लछुवाचाहिँ 'बाबा' । आफूलाई सम्बोधन गर्दा बोलाइने यही शब्दमा लठ्ठ परेर न उनी मालिकसँग काम गरेको ज्याला माग्ने हिम्मत गर्छन् न त अरू हिसाबकिताब नै । उल्टै सरकारले दिने भत्तासमेत यही घरका लागि खर्च गर्छन् साँच्चै 'लछुवा बाबा' को भूमिकामा रहेर । धनलालको भनाइ छ- ऊ यही घरको सदस्य हो । त्यसैले यहीँ खान्छ, यहीँ बस्छ, सकेको काम गर्छ । आफ्नै घरको सदस्यलाई पनि काम गरेको पैसा दिनुपर्छ र ?

उनको आफ्नो भन्ने एक बहिनीमात्र छिन् । जो ऐलानीमा झुप्रो बनाएर बसेकी छिन् नजिकै र अवस्था पनि दयनीय छ । उनी तिनै बहिनीका लागि केही गरिदिन चाहन्छन् आफ्नो कमाइबाट तर आफैँसँग केही नभएपछि गरुन् पनि कसरी ? अहिलेसम्म त वृद्ध नै भए पनि केही काम गर्न सक्छन् लछुवा । तर लछुवा थला परे वा काम गर्न नसक्ने भए भने ? उत्तर कसैसँग छैन । जिन्दगी नै हरवाइ-चरवाइ गर्दैमा बिताएका लछुवासँग बाँकी जीवनका लागि कुनै खासै सपना छैन न त महत्वाकाङ्क्षा नै । उनले मात्र यति भने- अहिले हट्टाकट्टै छु, काम गर्दैछु, नसक्ने भए मालिकले केही गरिदेलान् नि ।

नेताले नै बदमासी गरेपछि

बच्चा कुर्मी

बस्तीपुर, लहान नपा-१४, सिरहा

ठूले मालिक (मिन्त्रलाल गिरी) गाउँका ठूलाबडा थिए । जमिन पनि थुप्रै थियो । गोरुमात्र ५ हल थिए । एक गोठ त गाई नै थिए । तर ठूलाबडा भएकाले

आफू बस्ने ठाउँ (छाना भत्केको भाग) देखाउँदै कुर्मी

उनका परिवारले काम गर्ने कुरै भएन । त्यसैले खेतीपातीदेखि बस्तुभाउसम्मको काम गर्ने जिम्मा भने घरमा राखिएका हरवा-चरवा बच्चा कुर्मी र विसुनिया सदाको थियो ।

मालिककै काम गर्दागर्दै बिसुनिया बिते । त्यसपछि बच्चा एक्लै भए । तर पनि उनको काम घटेन । न मान्छे नै थपियो । सकी नसकी काम गरि नै रहे । ठूले मालिकका पाँच छोरा थिए- प्रकाश, प्रदीप, लक्ष्मण, शेखर र कमलेश गिरी । प्रदीप गिरी यतिबेला नेपाली कङ्ग्रेसका नाम चलेका नेताका रूपमा चिनिन्छन् भने अरूको अवस्था पनि राम्रै छ । बिस्तार जग्गा बिक्री हुँदै गयो । यस अर्थमा बच्चाको काम घट्नुपर्ने हो तर ठ्याम्मै घटेन । वृद्ध हुँदै गएका ठूले मालिकलाई इनारबाट पानी झिकेर नुवाइदिनुपर्ने तथा सरसफाइका अन्य काम पनि थपिए उनीमाथि । वृद्ध मालिकलाई मात्र हैन, घरका अरूलाई नुहाउन पनि इनारबाट पानी तानेर ठीक पारिदिनुपर्ने जिम्मा यिनैको थियो ।

सोचेका थिए, ठूले मालिकको मृत्युपछि दुःख केही कम होला । तर फिटिक्कै भएन । लक्ष्मण बिरामी परे लामो समय । अनि बच्चाको धेरै समय यिनै लक्ष्मणको स्याहारसुसारमा बित्यो । जो बिति पनि सके । यतिखेर प्रकाश सुनसरीको तरहरामा बसोबास गर्छन् भने बाँकी सबै काठमाडौँमा छन् । तर पनि केही जग्गा र चारवटा घर भने अझै पनि छ बस्तीपुरमा ।

यति पढिसकेपछि धेरैलाई लाग्न सक्छ, उनले पक्कै केही पाए होला ? तर विडम्बना नै भन्नुपर्छ, उनले अहिलेसम्म केही पाएकै छैनन्, कहिलेकाही माग्नेलाई दिएजस्तो सय/पचास रुपियाँबाहेक । बच्चा भन्छन्- मलाई वर्षको ४ सय रुपियाँ दिन्छु भनेका थिए तर त्यो ४ सय पाउनका लागि कहिल्यै वर्ष सकिएन । एकपटक यो पाडो तेरै हो, राम्ररी हुर्काउनु भने । पत्याएँ । स्याहार पनि राम्रै गरेँ । तर ठूलो भएर ब्यायपछि दूध उनीहरूले नै खाए । र, पछि त्यो पनि आफैँ बेचिदिए । एकपटक ७ कठ्ठा जग्गा तेरै नाममा गरिदिन्छु भनेका थिए । त्यो पनि बेचेर हिँडे ।

यतिबेला ८० वर्षको यात्रामा छन् बच्चा । न सहारा कोही छ न त केही बचत नै । यिनै प्रदीप गिरीका थोत्रा ४ घर कुरेर बसेका छन् उनी । जहाँ सरसफाइ गर्छन्, घाँस टिप्छन् र लिपपोत पनि गर्छन् । यीमध्ये एउटा घर बस्न हुनेखालको छ । जसलाई भाडामा दिइएको छ । तर अचम्म, जुन घर सफा गरेर चिटिक्क पार्छन् त्यही घरमा बस्न भने बच्चालाई अनुमति छैन । उनीचाहिँ भत्किएको घरमा बस्न र सुत्न बाध्य छन् । जहाँ पानी पनि थामिँदैन भने सर्प र स्याल जस्ता जनावर पनि सहजै जान सक्छन् । अलिकति कामचलाउ हुनेखालका घरका ढोकामा ताला झुण्डिएका छन् सबैमा ।

धेरैको प्रतिक्रिया हुने गर्छ- यतिका वर्ष दुःख गर्दा पनि केही नपाएपछि यहाँ नबस्नुपर्ने हो बच्चा । तर यसबारे उनको उत्तर यस्तो हुने गरेको छ- मैले जन्मेदेखि नै यो घरको सेवा गरेँ । उनीहरूले मलाई आश्वासनबाहेक केही दिएनन् । अहिले बुढेसकालमा चटक्कै छाडेर गए त उनीहरू मख्ख पर्छन् तर म भने अझै पनि केही दिन्छन् भन्ने आशले यो घर छाड्न सकेको छैन ।

भाडा उठाउन बेलाबेलामा आउँछिन् प्रदीपकी बहिनी मन्जुला । उनले आफू आएका बेला बस्न केही कोठा छुट्याएकी पनि छिन् । तर बच्चाले उनीसँग आश गरे पनि कहिल्यै २/४ पैसा पाएका छैनन् । उनलाई अरूबाट त खासै केही आश छैन तर नेता भएका र धेरैले बुद्धिजीवीसमेत भनेकाले प्रदीप गिरीले चाहिँ अझै पनि केही गरिदिन्छन् कि भन्ने आशा जीवितै छ । यो केहीचाहिँ किन र केका लागि चाहियो त बुढेसकालमा ? प्रश्न खस्न नपाउँदै बच्चा भन्छन्- बाँचुन्जेल त दुःखैदुःखमा बित्यो । मरेपछि पनि किरियाकर्म भएन भने अर्को जन्ममा पनि दुःख पाइएला भन्ने लाग्छ । त्यसैले आफूले पाएको केही नजिकै रहेका भान्जालाई दिन पाए कम्तीमा पनि मरेपछि काजकिरिया त गरिदिन्थे ।

नेता प्रदीप गिरी कहिलेकाहीँ सिरहा आउने रे भन्ने खबर बच्चाले पनि सुन्ने गरेका छन् । अनि त्यतिबेला उनीसँग दुःख कहन्छु भन्ने लाग्छ रे । बच्चाले दुःख मनाउ गरे- तर उनी यहाँ आउँदै आउँदैनन् । कृष्णप्रसाद भट्टराईको नाममा बनेको आश्रममा बस्छन् र त्यहींबाट फर्कन्छन् रे । यत्रो वर्ष दुःख गरे पनि आफूसँग केही नभएकाले सरकारले दिने वृद्ध भत्ताले गुजारा चलाउन बाध्य छन् बच्चा । कहिलेकाहीँ बिरामी पर्दावर्दा यही पैसा पनि सकिन्छ रे । अनि त्यतिबेला उनीसँग पेट भर्ने एउटै विकल्प भनेको 'माग्नु मात्र' हुने पीडा पनि सुनाए उनले ।

ज्याला मात्र १९ रूपियाँ

अरूलियादेवी सदाय

सखुवा टोल, सखुवा नन्कारकट्टी
गापा-४, सिरहा

बिहानै उठ्नेबित्तिकै गाउँकै उमा यादवको घरमा हाजिर हुने । भकारो सोहोर्ने । गोबरबाट गुइँठा, दाउरा बनाउने । अनि करेसाबारीको काम गर्ने । त्यसपछि खेतीको काम छ भने गर्ने । नभए उसले जे भन्छ त्यही गर्ने । जब मध्यान्ह हुन्छ अनि उसले दिएको खानेकुरा बोकेर घर आउने र खाने । उसकहाँ काम छ भने फेरि जाने । आउनुपर्दैन भनेचाहिँ नजाने । ३७ वर्षीया अरूलियादेवीको यही हो दिनचर्या ।

यसरी काम गरेबापत ६ महिनामा यिनले पाउने भनेको ५० किलोग्राम धान र २४ सय रुपियाँ हो । २० रुपियाँ प्रतिकिलोग्रामका हिसावले उनले पाउने धानको मूल्य १ हजार रुपियाँ हो । यसबाहेक यो अवधिमा एक जोर धोती-ब्लाउज पनि पाउँछिन् । यसरी हेर्दा उनले प्रतिदिन पाउने ज्याला भनेको करिब १९ रुपियाँ पर्न आउँछ । जब हिसाब गरेर उनले प्रतिदिन पाउने ज्याला सुनाइयो । त्यसपछि उनको प्रतिक्रिया थियो- आम्मै हो र ? यसरी त आजसम्म हामीले हिसाबै गरेका थिएनौं ।

हरवा समुदाय छलफल गर्दै

उपचार गराउन वा आफन्तकहाँ निम्तो मान्न जानुपर्दा सहज छैन यिनलाई । मालिकले जाऊ भनेर अनुमति नदिँदासम्म खुट्टो चाल्न पाइँदैन । तर जाऊ भनेर बिदा दिँदा पनि गजबको नियम बनाइएको छ । अर्थात कतै जान त पाइयो तर त्यसरी गएको अवधिमा थुप्रिएको काम (जस्तै- गुइँठा, दाउरा बनाउने, लिपपोत आदि) भने आएपछि गर्नैपर्छ । त्यसैले यस्ता छुट्टीको कुनै अर्थ हुँदैन । १६ वर्षकै उमेरमा बिहे भएकी अरूलियादेवी यसैगरी अरूकहाँ काम गर्न बसेकै २० वर्ष बितेको छ । तर यसबीचमा यति धेरै काम गरेर पनि उनले केही कमाएकी छिन् भने त्यो हो- मात्र ऋण ।

हुन त उनका श्रीमान् बद्री सदा पनि उमाकै घरमा खेतीपाती गर्छन् । जसबापत १० कठ्ठा जमिन पाएका छन् गरिखान । जसको भरमा खेतीको सम्पूर्ण अभिभारा धानिदिनुपर्छ उनले । तर ५ वर्ष बित्यो यो दम्पतीले उमा यादवको घरमा काम गरिदिएबापत केही लिन पाएका छैनन् । किन ? 'किनकि हामीले छोरीको बिहेमा ऊसँग १ लाख रुपियाँ ऋण लिएका थियौँ, त्यही पैसा कटाएकाले ५ वर्षसम्म केही लिन पाइएन्'- अरूलियादेवीले दुखेसो सुनाइन् । अब त आउला नि तोकिएको ज्याला ? अर्को प्रश्न खस्न नपाउँदै पुनः अर्को दुखेसो पोखिन्- कहाँ पाउनु नि, छोराको नाति जन्मेका बेला फेरि ५० हजार

रुपियाँ लिनुपऱ्यो । त्यो अब २ वर्षमा सकिन्छ भनेका छन् । त्यतिन्जेल त के देलान् र ज्याला ?

काम गरेको पैसा जति ऋणमै काटिँदै जाने भएपछि खानपिनका लागि समस्या पर्ने नै भयो । त्यसैले यतिखेर उनीहरू आफू काम गर्दागर्दै पनि जीविकाका लागि छोराको कमाइमा भर पर्न बाध्य छन् । अरूलियादेवी भन्छिन्- जेठो छोरा मजदूरीका लागि भारत गएको छ, कान्छोचाहिँ गाउँमै एउटा साहूको ट्र्याक्टर चलाउँछ । धन्न उनीहरूले कमाएका आम्दानीले जेनतेन गुजारा चलाइरहेका छौं ।

गाउँब्लकको जग्गामा बसोबास गर्ने अरूलियादेवी जस्तै यो टोलमा २३ परिवार छन् सदाको । सबैको दिनचर्या करिब करिब अरूलियाकै जस्तो हो । न उनीहरूसँग बसोबासका लागि जग्गा छ न त जीविकाको विकल्प नै । घर नामको एउटै झुपडीमा बाउ/आमा, छोरा/बुहारी, नाति/नातिना लहरै सुत्नुपर्ने बाध्यता सबैमा छ । त्यो पनि पराल बिछ्याएर । 'भारतमा मजदूरी गर्न जाने कि मालिकको घरमा हरवा-चरवा बस्ने'- हामीसँग भएका दुई विकल्प यिनै हुन् जसमध्ये एउटा नरोजी सुखै छैन- निराश जिन्दगीको यथार्थ सुनाउँछिन् अरूलियादेवी ।

नित्तान्त फरक दृश्य

सखुवा टोलका २३ घर सदा गाउँ ब्लकको जग्गामा बसोबास गर्छन् । त्यो पनि करिब २ धुर क्षेत्रफलमा । उनीहरूका बस्तीकै आडमा एउटा पोखरी छ । जुन पोखरी पनि गाउँब्लककै जग्गामा पर्छ । घरकै आडमा भएकाले यो पोखरी प्रयोगको अग्राधिकार यिनै सदा परिवारमा सुरक्षित हुनुपर्ने हो तर पोखरी बस्तीभन्दा परको मिथिलेश यादव भन्ने स्थानीय जमिनदारले प्रयोग गर्छन्, पोखरी प्रयोगमात्र हैन, छुनेसमेत अधिकार छैन यी सदा परिवारलाई ।

त्यतिमात्र हो र ? यहाँ अर्को अचम्मको दृश्य पनि देखिन्छ । पोखरीमा माछा पाल्नका लागि मिथिलेशले ट्युबवेलमा मोटर जडान गरेका छन् । अनि अवैधतवरले विद्युत् प्रयोग गरी स्वचालित मेसिनबाट पानी लगाइरहन्छन् । अर्थात हातले बल गरेर तान्नै पर्दैन । जबकि सदा बस्तीमा भने मात्र एउटा ट्युबवेल छ । त्यो पनि मरीमरी थिचिरहेका देखिन्छन् बालबच्चा । जसलाई हेरेरै चित्त बुझाउन बाध्य छन् यहाँका सदाहरू ।

१० हजार नहुँदा ज्यान गएको खोप

गुलेती सदा

सखुवा टोल, सखुवा नन्कारकट्टी
गापा-४, सिरहा

आफ्नो झुपडीबाट १० मिनेटमात्र टाढा छ गुलेतीले हरवाइ गर्ने कृष्णदेव यादवको घर। उनलाई घर आउन पनि छेक्दैनन् मालिकले। तर गुलेती कृष्णदेवकै घरमा बास बस्छन् सधैँ। धेरै मालिकले आफ्नो काममा अवरोध पुग्छ भनेर हरवा बसेकालाई सकभर घर आउन दिन्नन् तर गुलेतीलाई भने घर आउने अनुमति हुँदाहुँदै पनि किन उतै बस्न रुचाउँछन् त ? उत्तर गुलेतीसँगै छ- यो मेरो रहर नभई बाध्यता हो। घरमा १३ वर्षकी छोरी छिन्। सुत्नको लागि पुग्ने ठाउँ नभएको कारण उनी उतै बसेका हुन्।

कुप्रेर छिर्नुपर्ने ढोकाबाटै प्रष्ट देखिन्छ कि उनको घर नामको झुपडी २-३ जनालाई सुताउने हैसियत पनि राख्दैन। त्यही ठाउँमा पकाउने, सुत्ने गर्नुपर्दा बसिसक्नै हुँदैन। हुन त गुलेती पछिल्लो ५ वर्षदेखि कृष्णदेवको घरमा हरवाइ गर्छन्। उसको ३ बिघा जमिन जोत्ने ठेक्कै छ। बचेको समय अरू काम पनि गरिदिनुपर्छ। बस्तुभाउका लागि कुटी (पराल) काटिदिनेदेखि अरू स्याहारसुसार पनि गरिदिनुपर्छ। जसबापत उनको ज्याला तोकिएको छ- धान/गहुँ लिए प्रतिदिनको १० किलोग्राम। पैसा लिए १५० रुपियाँ।

तर उनले यो ज्याला नपाएको पनि धेरै भइसक्यो। जेठी छोरीको बिहेमा लिएको ऋणमै काटिने भएकाले पाउँदैनन् ज्याला। '१० हजार रुपियाँ अझै बाँकी छ, त्यो चुक्ता नहुन्जेल मैले काम गरेको ज्याला पाउन्न'- गुलेतीले सुनाए। त्यसैले यतिबेला उनको गुजारा काठमाडौँमा मजदूरी गर्ने १६ वर्षको छोराले धानेको छ। ५ पढ्दापढ्दै कापी/कलमसमेत किन्न नसकेर विद्यालय जानै छाडेकी कान्छी छोरी १३ वर्षकै भए पनि अरूको ज्याला मजदूरी गर्न बाध्य छिन्। मात्र खानकै लागि। 'रोप्ने, काट्ने जस्ता काममा बोलाए भने जान्छु', पढ्न मन हुँदाहुँदै पनि नपाएको दुःखमनाउ गर्दै उनले भनिन्- नगए भोकै परिन्छ के गर्नु ?

सधैँ काममा जोतिँदा पनि अभावले कहिल्यै नछाड्नु हरवाको नियति नै हुने गरेको छ। गुलेती बाँचुन्जेल नबिर्सने एउटा एउटा खोप मनमा पाल्न बाध्य

गुलेती सदा र उनको झुपडी, जसमा दुई जना बस्न पनि मुश्किल छ ।

छन् । जुन यस्तो छ उनकै शब्दमा- कान्छी छोरी जन्मेपछि श्रीमतीलाई टाइफाइड भयो । केही दिन घरमै बाटो हेरे निको हुन्छ कि भनेर । झन् झन् च्याप्दै पो लग्यो रोगले । केही भइहाल्छ कि भनेर लहानस्थित रामकुमार उमाप्रसाद शारदा अस्पतालमा लगे । सबै चेकजाँच गरेपछि डा. धुरन साहले उपचारका लागि १० हजार रुपियाँ खोज्न भने र त्यो जुटाउन सके निको हुने आश्वासन पनि दिए ।

गुलेतीले थपे- अन्त त कसले पत्याउँथ्यो र ? त्यसपछि म दौडदै आफैँ हरवा बसेको मालिक कृष्णदेवसमक्ष गएँ र डाक्टरले भनेको कुरा सबै सुनाएँ । अनि १० हजार रुपियाँका लागि धेरै अनुनय विनय गरेँ । घण्टौँ हारगुहार र बिन्ती गर्दा पनि उनले पैसा दिएनन् । अघिल्लो ऋण नै बाँकी रहेको भन्दै मरे दिन मानेनन् । अस्पताल पुर्गै र डाक्टरलाई आफूले पैसा जुटाउन नसक्ने बताएँ । त्यसको केही दिनपछि उपचारकै अभावमा श्रीमती बितिन् ।

यति बताइनसक्दै गुलेतीका आँखा आँसुले भरिइसकेका थिए । मुटुमा परेको भक्कानोले बोली बाहिर आउन रोकिरहेको थियो । सँगै रहेकी कान्छी छोरी सलले आँखा छोपेर घोप्टिरहेकी थिइन् । वरिपरि बसेर कुरा सुनिरहेका उनका छिमेकी सबैको गहभरि आँसु टप्किरहेका थिए । निकैबेरको यस्तो दृश्यपछि गुलेतीले मुन्टो ठाडो पारेर आफूलाई केही सम्हाले । अनि बिस्तार थपे- यो खोप म बाँचुन्जेल रहिरहनेछ । यो मैले भोगिरहेको चरम गरिबीको पीडा हो । अरू कसैलाई नपरोस् ।

गुलेती जुन बस्तीमा बस्छन् त्यो बस्ती नै गरिबीको पनि सबैभन्दा तल्लो स्तरको जीवन यापन गर्ने ठाउँका रूपमा देखिन्छ। बस्तीभर न शौचालय बनाउने ठाउँ छ न बनाउने पैसो नै। त्यसैले करिब ३ सय मिटर परको नदी कटानमा शौच गर्न बाध्य छन् यो बस्तीका २३ घरे बासिन्दा। अझ अचम्म त यो छ कि गुलेतीलगायतले झुपडी बनाएको गाउँब्लकको जग्गासमेत स्थानीय मिथिलेशकुमार यादव भन्ने व्यक्तिले आफ्नो भनेर अदालतमा मुद्दा हालेका छन्। त्यसैले न उनी कुनै सदालाई यहाँ शौचालय बनाउन दिन्छन् न त ढिमिक्कै गर्न। आफ्नो भत्केको झुपडी मर्मत गर्नसमेत रोक लगाएका छन् उनले।

अन्यायमा छन् सदा परिवार

सखुवा टोलका सदाहरू वर्षौंदेखि त्यहाँ बसोबास गरे पनि त्यो जमिन उनीहरूको नाममा हुन सकेको छैन। कसैले आफ्नो भनेर दाबी गरिरहेका छन्। उसै त गरिबीबाट गुज्रिरहेका उनीहरू यही कारण थप तनाव झेल्न बाध्य पारिएका छन्। यो बस्ती हाम्रै गाउँपालिकाअन्तर्गत पर्छ। त्यसैले उनीहरूको बसाइँ सुरक्षित गर्ने र न्याय दिलाउने काम गाउँपालिकाको पनि हो। अहिले उक्त जमिनमा मुद्दा परिरहेकाले केही गर्न सकिने स्थिति छैन तर पनि गाउँपालिकाले उनीहरूलाई कुनै हालतमा उठाउन दिने छैन। न्याय दिलाउने प्रयत्न जारी राख्नेछु।

केदारनाथ यादव

अध्यक्ष, सखुवा नन्कारकट्टी गाउँपालिका, सिरहा

विचल्लीमा सिङ्गो परिवार

गीता सदा

लक्ष्मीपुर, सुरुङ्गा नपा-३, सप्तरी

गाउँकै सूर्यनारायण यादवको घरमा लामो समयदेखि हरवा बसेका थिए मौजे सदा। उनैले दिएको सानो टुक्रोमा झुपडी बनाएका थिए। उनी दिनभर काम

गर्थे । गीता पनि सघाउँथिन् । हरवा-चरवाका छोराछोरीले बाबु/आमा बसेकै घरमा सघाउनु त सामान्य भइहाल्यो । त्यहीँ काम गरेर पाएको ज्यालाले दुःखजिलो भान्सा टार्थे मौजे । यसरी नै चलिरहेको थियो ४ छोराछोरीसहित ६ जनाको उनको परिवार ।

अरूको घरमा काम गर्न बसेपछि कहिल्यै आराम मिल्ने कुरै भएन । न खानपान र स्वास्थ्यको ख्याल गर्ने समय नै हुन्थ्यो उनीसँग । त्यसैले स्वास्थ्य दिन/प्रतिदिन खराब हुँदै थियो । तर पनि उपचार गराउन न पैसा थियो न कामबाट छुट्टी नै । जाँच गराउँदा थाहा भयो- क्षय रोग लागेको रहेछ । गीताले सुनाइन्- पहिल्यै थाहा भएको र उपचार गर्न पाएको भए लाग्थ्यो होला तर जतिबेला यो रोग लागेको थाहा भयो, उपचारमा ढिलाइ भइसकेछ । हाम्रो केही लागेन, उनी बितेर गए ।

मौजे थिए र पो काम गरिदिन्थे । अनि यही कामबापत आफ्नै जग्गामा झुपडी बनाउन दिएका थिए सूर्यनारायणले । जब मौजे नै नरहेपछि कसले गर्छ काम ? अनि किन दिने बस्न ? निकालिदिए सबैलाई । यस धर्तीमा आफ्नो भन्ने केही नभएकी गीता त्यसपछि हिँडिन् ४ छोरा/छोरी पछि लगाएर । तर थाहा थिएन अब कहाँ जाने भन्ने । आखिर कहीँ त बस्नैपर्थ्यो । त्यसैले गाउँकै सुखलाही खोलाको किनारमा बस्न थालिन् । गाउँका केही दुःखी मिलेर उनका लागि झुपडी बनाइदिए । झुपडी त बन्यो तर न झ्याल छ, न ढोका । न पूरै छाउन सकिएको छ न त कुनै सुरक्षित छेकबार नै । त्यसैले सर्पदेखि स्यालसम्म, मान्छेदेखि जीवजन्तुसम्म सबैका लागि सहज छ प्रवेश गर्न ।

तर पनि उनीसँग कुनै विकल्प छैन यहाँ बस्नुबाहेक । पाएको दिन ज्याला मजदूरी गर्छिन् । त्यो पनि नमिलेका दिन माग्नु एकमात्र सुरक्षित उपाय हुने गरेको छ । यही कारण त उनको झुपडीमा न एक छाकलाई पुग्ने चामल/पीठो जोकाड हुन्छ न त कुनै गतिला भाँडा र ओड्ने ओछ्याउने नै । खोजखाज पारिएको अलिकति पराललाई नै बिछ्याउना बनाएर सुत्ने गरेकी गीतासँगै एक कान्छो सन्तानमात्र बस्छन् ।

यसबीचमा उनले जेठी छोरीको बिहे गरिदिएकी छिन् । २० वर्ष पुगिसकेकी

गीता सदा, दुई छोरी र उनी बस्ने झुपडी

माइली असियाकुमारी गाउँकै महेश्वर यादवको घरमा काम गर्न बस्थिन् । अहिले भने उनी ठूलो बुबा पर्ने दुःखी सदाको घरमा बस्छिन् र त्यहींबाट ज्याला मजदूरी गर्न जान्छिन् । त्यो पनि पाएका दिनमात्र । असियाकुमारीकी दिदी पनि महेश्वरकै घरमा काम गर्न बसेकी थिइन् । अहिले असियाकुमारीले छाडेपछि फेरि उनकी बहिनी मन्जु त्यो ठाउँमा भर्ना भएकी छिन् । जसले उनको घरमा रहेको भैंसी र ३ वटा पाडो/पाडीको गोबर सोहोर्ने र तिनलाई खानपान गराउनुपर्छ । अनि घरको सानोतिनो काम पनि गरिदिनुपर्छ ।

महेश्वर काठमाडौंस्थित एक विद्यालयमा लेखापाल काम गर्छन् भने उनकी श्रीमती रीता आफ्नै वडा कार्यालयमा खरिदार छिन् । उनीहरूले आफ्ना ३ सन्तानलाई लहानमै डेरामा राखेर पढाइरहेका छन् तर उनीकहाँ पालैसँग काम

गर्न राखिएका मन्जुका ३ दिदी/बहिनी भने कसैले पनि विद्यालय नै देखेका छैनन् । रीताको भनाइ छ- यिनीहरू पढ्नै मान्दैनन् ।

खानपिन र बेलाबेलामा उनीहरूका आमालाई दिइने एकाध सय नै यिनीहरूको ज्याला हुने गरेको छ । काम लगाएपछि ज्याला दिनुपर्ला नि भन्ने प्रश्नमा रीताको दाबी छ- 'पहिलो कुरा त हामीले काम गर्न राखेकै हैनौं, त्यसैले ज्याला दिने कुरै भएन । दोस्रो कुरा, यिनीहरूलाई र आमालाई समेत बेलाबेलामा खर्चबर्च र लुगाफाटो दिइरहेका छौं ।' बिहान/बेलुका पेट भर्ने समस्याबाटै ग्रस्त गीताको परिवार उचित ज्यालाको माग राख्ने अवस्थामा समेत देखिन्न ।

सन्तान जस्तै माया गरेका छौं

हामीले मन्जुका दिदी/बहिनीलाई काम गराउने भन्दा पनि दुःख पाएकालाई आश्रय दिने उद्देश्यले राखेका हौं । उनीहरूले धेरै दुःख पाएका छन् । हामीलाई पनि माया लाग्छ । उनीहरूकी आमा आवश्यक परेका बेला पैसा र खानेकुरा लिन आउँछिन् । हामी दिएर पठाउँछौं । जेठीको बिहे खर्च पनि आधा हामीले बेहोरिदिएका हौं । असियाकुमारीलाई पनि यहीं बस्, अन्त नजा भनेका हौं तर मानिन । अब उनीहरू नै पढ्न मन गर्दैनन् त हामी के गरौं ?

रीता यादव

गीताका छोरीहरू काम गर्न बसेका घरकी मूली

जसलाई उपचार गराउन पनि फुर्सद छैन

कपिलदेव पासवान

पोखरिया बसानपट्टी, सुरुङ्गा नपा-७, सप्तरी

हलो जोत्ने । त्यो पनि कम्ता हो र ? ६ बिघा जग्गामा । त्यसबाट फुर्सद मिल्यो भने आली मिलाउने, बार लगाउने, बाँस काट्ने, कुटी काट्ने, गाईवस्तुलाई खुवाउने....कति हो कति काम त । १४ वर्षदेखि गाउँकै रवीन्द्र चौधरीको घरमा

हरवा बसेबापत यसरी नै अविराम काममा जोतिन बाध्य छन् ५४ वर्षीय कपिलदेव पासवान । त्यसअघि पनि कहाँ फुर्सद थियो र उनलाई । फुतनी र विन्दी साह तेलीको घरमा यसरी नै बिताए लामो समय ।

उनी काममा यति जोताइन्छन् कि भनेर साध्य नै छैन । '६ वर्षअघिको कुरा हो', उनले सम्झँदै भन्दै गरे- 'श्रीमती बिरामी भइन् । ऐइया र आच्छु गरिरहन्थी । जँचाउन लैजा भन्थी । तर मालिकको कामले गर्दा मलाई उसलाई जँचाउन लैजाने समय पनि मिलेन । त्यसपछि ऊ मरी ।' धेरैजसो त कामकै बोझका कारण सुत्नसमेत घरमा आउन नपाउने सुनाउँछन् कपिल ।

यसरी मरेर काम गरेबापत उनले पाउने भनेको दिनको मात्र १० किलोग्राम धान हो । जुन प्रतिकिलोग्राम २० रुपियाँका दरले मात्र २ सय रुपियाँ हुन आउँछ ।

कपिलदेव नातिनीसँग

कुनै दिन कारणवश काम गर्न सकेनन् भने त्यो पनि पाउँदैनन् । बिहानदेखि बेलुकासम्म जोत्ने काममा लाग्दा मात्र २ सय रुपियाँ ? कपिलदेव भन्छन्- के गर्नु त, बाध्यता छ जति दिए पनि लिनुपर्ने । नत्र खानै पाइँदैन ।

त्यो पनि सद्धे भए त हुन्थ्यो नि । बिरामी परिरहन्छन् आफैँ । अनि भएको एउटा छोरो पनि आँखा नदेख्ने छ । बुहारी पनि लाटी लाटीखालकी छिन् । सबैको उपचारका लागि पटक पटक गरेर लिएको ऋण यतिबेला १० हजार पुगेको देखाएका छन् मालिकले । २ वटी नातिनीलाई राम्रोसँग टन्न खुवाउनसमेत नसकेको पिरलो उत्तिकै छ । भन्छन्- जिन्दगी चिन्तै चिन्ताले सिध्याउने भो ।

उनको टोलमा १३ घर पासवान परिवार बस्छन् । यी सबैको झुपडी भएको जमिन ऐलानी हो । स्थानीय जमिनदारहरूले भनेअनुसार नमाने यही जमिनबाट पनि हटाइदिने धम्की दिइरहन्छन् बेलाबखत । कपिलदेवको अनुत्तरित प्रश्न छ- 'ऐलानी भनेको सरकारी जमिन हो । त्यसैले यसमा सबैको उत्तिकै हक लाग्छ । तर आफ्नै जस्तो गरेर हामीलाई पटकपटक हटाउन धम्की दिने अधिकार कहाँबाट आयो यिनीहरूलाई ?' तर पनि कपिलदेवहरू स्थानीय जमिनदारका अगाडि भने यो प्रश्न खुल्लमखुला राख्न सक्दैनन् किनकि उनीहरूलाई फेरि पनि त्रास छ कि कतै यसबाट समेत उठिबास त लाउने हैनन् ?

उस्तै पीडा छोराको पनि

कपिलदेव त रोगी भए भए, श्रीमती त बितिन् बितिन्, छोरो त सद्धे हुनु नि । भएको एउटै छोरो पनि आँखा नदेख्ने भएपछि अहिले कम्ता चिन्ताले पिरोलेको छैन उनलाई । तर पनि २६ वर्ष पुगेका रामसेवकलाई आँखा नदेखेकै कारण बसेर खाने सुविधा छैन । किनकि उनी गरिबमाथि पनि महागरिब बाबुका छोरा हुन् । त्यसैले स्थानीय फूलचन्द मण्डलको घरमा बस्छन् गाईवस्तुको स्याहार गर्न । पहिले त चराउन पनि लैजान्थे । अहिले भने आँखा ठ्याम्मै जस्तो नदेख्ने भएपछि चराउनचाहिँ लानुपर्दैन तर बस्तुभाउको सबै सेवा भने उनैको जिम्मामा छ ।

रामसेवकले यसरी काम गरिदिएबापत पाउने ज्यालाचाहिँ दिनको मात्र ५० रुपियाँ हो । फूलचन्दको दाबी छ- मैले दुःखीको सेवा गर्ने हिसावले उसलाई राखेको हुँ । काम त के नै गर्छ र उसले । तर फूलचन्दले के

काम गर्छ र भने पनि वस्तुभाउको सबै काम गरिदिने भने रामसेवकले नै हो। यसरी दिनभर काम गरिदिएको ज्याला ५० रुपियाँमात्र हुन सक्छ त ? फूलचन्दको उत्तर छ- अरू पनि सहयोग गर्छु।

केही दिनअघिमात्र आफूले काम गरेको ज्यालाबापत २ हजार रुपियाँ मागेर एउटा मोबाइल किनेका छन् रामसेवकले। उनले कसलाई गर्छन् त फोन ? वा कोबाट आउला उनलाई फोन ? जिज्ञासामा उनको भनाइ छ- न फोन आउँछ, न गर्छु नै किनकि यो फोनमा सिम नै छैन। किन ? फेरि राखिएको अर्को जिज्ञासामा उनको उत्तर थियो- सिमलाई छुट्टै पैसा चाहिने रहेछ, जुन मसँग छैन। के गर्दा हुन् त त्यसो भए उनले यो मोबाइल ? तेस्रो जिज्ञासामा भने- 'गीत सुन्छु।' हो, अहिले उनी फोनमा कुरा गर्ने धोको पूरा हुन नसकेपछि गाईवस्तुको काम गर्दा मोबाइलमा गीत घन्काउँछन् र रमाइलो मान्छन्। आखिर उनको मनोरञ्जनको साधनै पनि के छ र अरू ?

दैनिक २० रूपियाँमा पूर्ण सेवा

ढलाइ सदा

गहेडी टोल, कञ्चनरूप नपा-१२, सप्तरी

गाउँको नामै गहेडी टोल। गहेडीको अर्थ हो गहुँ। मैथिलीमा। त्यसैले धेरै गहुँ फल्ने ठाउँ भएकाले गहेडी नाम राखिनु स्वाभाविक पनि लाग्छ। स्वाभाविक लाग्नेमात्र हैन, गहुँ राम्रैसँग झुलिरहेका पनि छन् खेतभरि। यसरी लहलह गहुँ झुलाउने कार्यमा यही टोलमा बस्ने सदाहरूको सय प्रतिशत भूमिका छ। तर अचम्म भने यो छ कि न यो गहुँ यी सदा समुदायको हो न त गहुँ रोपिएको जमिन नै। मात्र परिश्रमचाहिँ यी सदाको हो। त्यसैले वरिपरि गहुँले घेरिएर पनि आफ्नो घरमा पनि एक गेडा पनि अनाज नहुनु यहाँका सदा समुदायका लागि अनौठो विषय बन्दैन। किनकि पुस्तौँदेखि उनीहरू यही आदतमा बाँच्न सिकिसकेका छन्।

५६ वर्षीय ढलाइ सदा यही टोलका एक बासिन्दा हुन्। अनि उनले पनि

गाई गोरुलाई चारो खुवाउँदै ढलाइ सदा

कसैको गहुँ निकै राम्रो फल्नेवाला तुल्याईदिएका छन् । तर त्यो गहुँ ढलाइले हैन, उनी हरवा बसेको घरका मालिक महेश मण्डलले भित्र्याउँछन् । स्वाद मानी मानी । गहुँ रोप्ने र उमार्नेमात्र हैन, महेशको ३ बिघा जमिन पूरै जोत्नेदेखि आइपरेका सबै काम गरिदिन्छन् ढलाइ । जोत्ने त छँदैछ, जोत्न प्रयोग हुने गोरुलाई खुवाउनेदेखि स्याहारसुसार गर्नेसम्मको काम पनि यिनकै जिम्मामा छ । त्यसबाहेक १ भैँसी र १ गाईको स्याहार पनि यिनैले गर्नुपर्छ ।

यसरी महेशको घरमा हरवाइ गरिदिएबापत उनले पाउने भनेको १० मन धान हो । त्यो पनि वर्षमा एक पटक । प्रतिकिलोग्राम २० रुपियाँका दरले हिसाव गर्दा उनले वर्षमा पाउने ज्याला ८ हजार रुपियाँ हुन्छ । यसलाई दैनिकरूपमा भाग लगाउँदा प्रतिदिन २० रुपियाँ हुन आउँछ । यसरी २० रुपियाँमा काम गर्दा पनि न ढलाइलाई आफू ठगिएको पत्तो छ न त काम लगाउने महेशलाई नै कम ज्यालामा काम लगाएको महसुस भएको छ । यही बिनापत्तो र बिनामहसुसीकरणबीच वर्षौँदेखि चलेको छ हरवा बस्ने र राख्ने चलन ।

ढलाइका मालिक महेश गाउँका युवा बटुलेर काम गर्न पन्जाब पुऱ्याउने पनि गर्छन् । ढलाइले गएको असारमा छोराको बिहे गर्दा महेशसँग ४० हजार रुपियाँ ऋण लिएका थिए । त्यही ऋणबापत उनले महेशलाई एउटा छोरो सुम्पेका छन् । जसलाई महेशले पन्जाब लगेका छन् काम गराउन । त्यसैले ६ महिनासम्म ढलाइले छोराको कमाइ खोज्न पाउने छैनन् । अर्थात ६ महिनासम्म जति काम लगाए पनि, जति पैसा कमाए पनि त्यो महेशको हुनेछ । अनि बल्ल उनका छोरा मुक्त हुनेछन् । यो समस्या ढलाइको मात्र पनि हैन, यो सदा बस्तीका प्रायः सबैको हो । जो आफूलाई आवश्यक परेको रकम अग्रिम लिन्छन् र त्यसबापत आफ्ना कलिला सन्तान उसैको हातमा सुम्पिदिन्छन् । निश्चित समयका लागि ।

बूढी, ४ छोरा, २ छोरी, २ बुहारी, १ नातिनी र २ नाति गरी ११ जनाको परिवार छ थिनको । त्यसैले जति काम गरे पनि ज्याला निकै कम भएकाले खानै धौ धौ पर्ने गर्छ । ढलाइ गुनासो गर्छन्- अरू दुई छोरालाई पनि गाउँकै कुमार तामाङ भन्ने ठेकेदारले काम गराउन लगेको थियो भारतमा । तर न फोन गर्छन्, न त पैसै पठाउँछन् । मरे/बाँचेको पत्तै छैन । कुमारलाई सोध्दा बिरामी छ, दबाइ गरिरहेको छ भन्छ, के हो के, पत्तै पाउन सकिएन ।

त्यसैले मालिकको घरबाट फुर्सद पाएका बेला, त्यो पनि ऊसँग अनुमति लिएर जङ्गल जानु, दाउरा काट्नु र ल्याएर बेच्नु अनि त्यही पैसाले छाक टार्नु उनको बाध्यता बनेको छ । जङ्गल पनि नजिक भए त हुन्थ्यो नि, पुग्नै लाग्छ २ घण्टा । आउन लाग्यो अर्को २ घण्टा । काट्नु पऱ्यो । फेरि घर आइसकेपछि पनि कञ्चनपुर लैजानुपऱ्यो बेच्न । जहाँ पुग्नै आधा घण्टा लाग्छ । यसरी करिब एक दिन पूरै लाग्ने दाउरा बिक्रीबाट आउँछचाहिँ ४ सय रुपियाँ । 'साइकल चढ्न जान्नेहरू त अलि चाँडो गर्छन् तर म त जान्दिन त्यसैले हिँडाइकै भरमा पर्नुपर्दा निकै समय लाग्ने गरेको छ ।

गरिबीकै कारण कान्छो छोरोबाहेक कसैले पढेन थिनको । कान्छो भने भर्खर ३ कक्षामा पढ्दैछ । जबकि नजिकै दुर्गा नाम गरेको आधारभूत विद्यालय छ । 'अब जेठो छोराको ६ महिना वैशाखमा सकिन्छ, त्यसपछि उसको कमाइले जीविकामा केही भरथेग गर्ला कि ?' भन्ने ढलाइ जिन्दगीप्रति नै निराशा व्यक्त गर्छन्- खवै यो हरवाइ त बाँचुन्जेल पार लाग्ला जस्तो छैन ।

‘नेता’ कै बिजोग

दसन मण्डल

बसनपट्टी, सुरुङ्गा नपा-७, सप्तरी

विक्रम संवत् २०२६ सालको बडा दसैँ । अर्थात उनको घरमा नयाँ सदस्यको आगमन । शायद उनीहरूको सोच थियो, दसैँ जस्तो खुसियालीमा जन्मेकाले नामै दसैँसँग जोडेर राखिदिन पाए छोराको जीवन सधैँ दसैँको बेला जस्तै रमाइलो र खुसीसाथ बित्थ्यो । त्यसैले बाबु/आमाले नामै राखिदिए- दसन । तर सबै कुरा कामना गरिएजस्तो कहाँ हुन्थ्यो र ? दसनले थाहा पाएदेखि कुनै दसैँ त्यस्तो हुन सकेन जुन उनका बाबु/आमाले चाहेका थिए ।

पुस्तैनी सुकुमबासीको घरमा जन्म लिएकाले दसनको विगतमात्र हैन, वर्तमान पनि सुखद हुन सकेन । बचपनदेखि नै हरवा बसेका उनी राजेन्द्र साहको घरमा पछिल्ला १० वर्ष बिताए । तर गत वर्ष भने निकालिदिए कामबाट । कारण- नेतागिरी गरेर हिँड्यो, काम गरेन भनेर । हो, पछिल्लो ५ वर्षदेखि दसन राष्ट्रिय हरवा-चरवा मञ्चको अध्यक्ष बनेका छन् । यस क्रममा उनी विभिन्न कार्यक्रममा

राष्ट्रिय हरवा-चरवा अधिकार मञ्चका अध्यक्ष दसन मण्डल

भाग लिन गइरहनुपर्छ। यसरी जाँदा नियमित काममा अवरोध भएपछि राजेन्द्रले उनलाई अब राख्न नसक्ने भन्दै निस्केर जान आदेश दिए।

यसरी निस्किहाल्न पनि सजिलो कहाँ थियो र ? एकातिर निस्की भन्ने अर्कोतिर दसनले लिएको २५ हजार रुपियाँ ऋण चुक्ता गर पनि भन्ने। राजेन्द्रको आसय थियो- यसले २५ हजार ऋण तिर्न सक्दैन, त्यसैले बरु सङ्गठन छाड्छु, मलाई ननिकाल्नूस् भन्छ। अनि आफ्नो काम राम्रोसँग भइरहन्छ। तर राजेन्द्रको सोच फेल खायो। 'झगडै पऱ्यो, म हिँडिरहने, ऊ नहिँड् भन्ने तर मैले सङ्गठन छाड्न सकिन, बरु उसको घरै छाडिदिएँ'- दसनलाई कुनै पश्चाताप छैन यो निर्णय गरेकामा अहिले पनि।

बरु उनले यो २५ हजार जुटाउन केही साहस बटुले। आफ्नै हरवा-चरवा समूहसँग १५ हजार रुपियाँ लिए। जसको ब्याज तिर्नुपर्दैन। त्यसबाहेक गाउँकै एकजनासँग १० हजार रुपियाँ लिए। त्यसको भने सयकडा ५ अर्थात ६० प्रतिशत ब्याज तिर्छन्। दसनले बरु यति धेरै ब्याज तिर्न तयार भए र अझै तिरिरहेका पनि छन् तर सङ्गठन छोडाउने राजेन्द्रको नियत सफल हुन दिएनन्। भन्छन्- जसप्रति मलाई गर्व छ।

हरवा-चरवा मञ्चको अध्यक्ष त भए तर पनि आफ्नो भन्ने एक धुर जमिन र कुनै सम्पत्ति नभएका कारण छाक टार्नकै लागि पनि काम त गर्नै पर्थ्यो। त्यसैले पछिल्लो एक वर्षदेखि भने दसन गाउँकै तिराउ चौधरीको घरमा हरवाइ गर्छन्। उनी तिराउको जमिन जोत्नेमात्र हैन, खेतीपातीसम्बन्धी सम्पूर्ण काम गरिदिन बाध्य हुन्छन्। बिहान उठ्नैबित्तिकै उसैको घरमा पुग्छन्, लाए/अराएको काम गर्छन्। रात परेपछि थकित शरीर लिएर केही प्रहर पल्टन मात्र घर आइपुग्छन्।

खेतीपातीको काम गरेका दिन दसनले तिराउबाट १० किलोग्राम धान पाउँछन्। जसलाई पैसामा रूपान्तर गर्दा २ सय रुपियाँ हुन आउँछ। कुटी काटेको, गोबर सोहोरेको र अन्य काम गरेको भने फोक्कडमा। अर्थात केही पाउँदैनन्। दसनलाई आफ्नो कामअनुसार ज्याला थोरै हो भन्ने राम्रैसँग थाहा छ तर उनी मालिकसँग थप ज्याला माग गर्न सक्दैनन् किनकि निस्की भन्यो भने बेलुका उनको घरमा चुलो बल्दैन। दसन भन्छन्- यो मेरोमात्र समस्या हैन, हरवा-चरवा बस्ने सबैको समस्या हो, त्यसैले त हामी सङ्गठितरूपमा आन्दोलन गरी हरवा-चरवा मुक्ति गराउन मञ्च नै गठन गरेर अग्रसर भएका हौं।

२ छोरी, १ छोरा र बूढीसहितको उनको परिवारलाई खान पुग्नचाहिँ छोरा/छोरी र श्रीमतीले पनि काम गर्नैपर्छ। त्यसैले त उनीहरू पनि ज्याला मजदूरी गरिरहेका

हुन्छन् हरदम । धन्न हरवा-चरवा मञ्च र फ्रिडम फोरम नामक स्थानीय संस्थाले सहयोग गरेकाले दसनका ३ जनै छोरा/छोरी पढ्न पनि जान्छन् । 'नत्र त पढाइ हाम्रो कल्पनाभन्दा निकै बाहिरको कुरा हो'- दसनले यथार्थ व्यक्त गरे ।

गाउँब्लकको १० धुर जति जग्गामा झुपडी थियो उनको । जनता आवास कार्यक्रमअन्तर्गत नयाँ घर बनाउने भनेर त्यो भत्काए । अरू धेरैको घर बन्नै बाँकी छ तर दसनले भने रोइकराइ, धेरैतिर धाएर बल्लतल्ल बनाए । तर घर बनेको ३ वर्ष बित्दा पनि झ्याल/ढोका भने अझै हालिदिएका छैनन् । त्यसैले ह्वाङ्गै परेको घरमा बस्न बाध्य छ उनको परिवार । किन नहालिदिएको हो झ्याल/ढोका भन्ने अहिलेसम्म उनले भेउ पाउन सकेका छैनन् जबकि यसका लागि नधाएको ठाउँ नै छैन ।

'जब म हरवा-चरवाका विभिन्न कार्यक्रममा सहभागी हुन्छु र उनीहरूका कुरा सुन्छु, त्यसपछि मलाई लाग्छ- मभन्दा पनि दुःखी यस धर्तीमा रहेछन्', दसनले अलिकति आशाका कुरा पनि गर्न भ्याए- अनि म आफैं अध्यक्ष भएर पनि यस्तो बिजोग अवस्थामा रहेको सुनाउँछु र धैर्य गर्न सुझाउँछु । हाम्रो सङ्गठन यही अवस्थामा परिवर्तन ल्याउन गठन भएको सम्झाउँछु र सक्रिय भएर आफ्नो ठाउँबाट लागिपर्न अनुरोधसमेत गर्छु । आखिर हाम्रो बाटो पनि त योभन्दा पृथक अर्को के नै छ र ?

जिन्दगी नै नोकरीमा बित्ने चिन्ता

लरूवती पासवान

ननुपट्टी, जदुकुवा नपा-४, धनुषा

हरवा-चरवा बस्ने केहीले मालिककै घरमा खान पाउँछन् । केहीले भने त्यो पनि पाउँदैनन् । लरुवती यिनै नपाउने धेरैमध्ये पर्छिन् । बिहान उठ्नेबित्तिकै जाने र उज्यालो हुन्जेल काम गरिदिएर बेलुका सुत्नमात्र घरमा फर्कने भए पनि त्यो घरमा खान पाउँदिनन् । आफैंले केही बनाएर लग्यो भने खान पायो हैन भने भोकै । लरुवतीले सुनाइन्- कहिलेकाहीं उनीहरू खुसी भए भने जलख्वै (खाजा) दिन्छन् नत्र अरू दिन त केही पनि दिन्नन् ।

गाउँकै अरविन्द चौधरी उनले काम गरिदिने मालिकको नाम हो । जहाँ उनका श्रीमान् पल्टु पासवान पनि काम गर्छन् । श्रीमान् हरवाका रूपमा उनको खेत जोत्ने र खेतीसम्बन्धी आइपरेका सबै काम गर्छन् भने लरुवतीचाहिँ रोप्ने, काट्ने, उखेल्ने, निफन्ने, भित्र्याउने जस्ता सबै काम गर्छिन् । यसरी अरविन्दको करिब ५ बिघाको उत्पादन भित्र्याउने जिम्मा करिब यही दम्पतीको हो भन्दा फरक पर्दैन ।

श्रीमान्ले हरवाइ गरिदिएबापत मालिकले ४ कठ्ठा जमिन दिएका छन् 'गरिखान' । अनि लरुवतीले भने बिहानदेखि बेलुकैसम्म काम गरेबापत जम्मा पाउँछिन् ७ किलोग्राम धान । जसको बजार मूल्य हुन्छ- १४० रुपियाँ । कहिलेकाहीँ बिहान गएर कामविशेषले १२ बजे फर्किन् भने आधामात्र पाउँछिन् अर्थात् साँढे ३ किलोग्राम ।

जब कामको मौसम सुरु हुन्छ श्रीमान् जस्तै उनलाई पनि एक क्षण फुर्सद हुन्न । जबसम्म मालिकको काम सकिन्न तबसम्म उसैले दिएको ४ कठ्ठामा पनि खेती लगाउन पाइन्न । आफैँलाई गरिखान दिएको जमिनमा त खेती गर्न नपाइएपछि अरूकोमा काम गर्न जाने र कमाउने सपना त धेरै टाढाको भयो । लरुवतीको भनाइमा खाली भएका बेला पनि मालिकको अनुमति नलिइ अरूको काममा गए रिसाउँछन् । अनि ज्याला दिने बेलामा किच्किच् गर्छन् । त्यसैले यो जोखिम नमोल्न पनि मालिकको अनुमतिबिना एक पाइला अघि सार्दिनन् लरुवती ।

३ छोरा, १ छोरी, १ बुहारी, ३ नाति र बूढा/बूढी गरी १० जनाको उनको परिवार ६ धुर जग्गा ओगटेको झुपडीमा बस्छन् । एउटा छोराले ५ पढेर छाडेकाबाहेक अरूका लागि 'कालो अक्षर भैँसी बराबर' छ । पछिल्लो समय गुजारा गर्न कठिन भएकाले दुई छोरा भारततर्फ लागेका छन् मजदूरी गर्न । तर उनीहरूको मजदूरीले पनि जीविका भने सहज हुन सकेको छैन । आखिर 'बर्मा गए नि कर्म सँगै' भनेझैँ मजदूरी गर्नेलाई सुख त कहाँ नै हुन्छ र ? त्यसैले उनका छोराहरूले पनि श्रमअनुसारको पारिश्रमिक पाउन सकेका छैनन् । भूगोल फेरिए पनि ।

सबैजनाले सकुन्जेल काम गर्दा पनि भरपेट खान नपाएको गुनासो त छँदैछ । त्यसबाहेक अर्को चिन्ता पनि छ लरुवतीसँग- नाति जन्मँदा आफ्नै मालिक अरविन्दकी भाउजूसँग लिएको १० हजार रुपियाँ ऋण तिर्न बाँकी छ । अनि श्रीमान् बिरामी हुँदा उपचार गर्न लिएको अर्को २५ हजार रुपियाँ पनि जिउँदै छ । जसको सयकडा ३ अर्थात ३६ प्रतिशत ब्याज तिरिरहेकी छिन् मजदूरी

गरेरै । 'छोराहरूले भारतबाट कमाएर पठाउँछन् अनि तिर्नौंला भन्ने आश त छ तर अहिलेसम्मको पारा हेर्दा त्यो पनि सहज होलाजस्तो छैन', लरुवतीले दुखेसो सुनाइन्- जिन्दगी नै अरूको घरमा नोकरी गर्दैमा बित्ला जस्तो पो छ त ।

सपनामा पनि ऋणकै चिन्ता

म पवन मण्डलको घरमा हरवाइ गर्छु । १० धुर जमिन त छ तर त्यो पनि गुठीको । त्यही जमिनमा ३ छोरा र आफ्नो लागि गरी ४ वटा झुपडी बनाएका छौं । त्यसैले मुन्टो लुकाउन पनि धौ धौ छ । मालिकले दिने दिनको ७ किलोग्राम धानले खानै पुग्दैन । त्यसमाथि श्रीमती बिरामी भइन् । आन्द्रामा घाउ भएछ । भारतको दरभङ्गा लगेको त अपरेसन गर्नुपर्छ भन्यो । गर्दै जाँदा सवा लाख रुपियाँ खर्च भयो । धन्न गाउँकै गरिबी निवारण कोषले समूह जमानीका आधारमा ऋण पत्यायो र श्रीमतीलाई जोगाउन सकें । श्रीमती त बचिन् तर त्यो ऋणले भने सधैं सताइरहन्छ । अहिले त १२ प्रतिशत ब्याज जसोतसो गरेर तिरिरहेको छु तर सावाँ कसरी चुक्ता गर्ने भन्ने पिरलोले विपनामात्र हैन, सपनामा समेत सताइरहन्छ ।

यसो अन्त कतै गएर काम गरेर केही पैसा जोहो गरौं न त भने पनि

आफ्नो काम भएका बेला मालिकले जानै दिँदैन । काम नभएका बेला जाउँ भने त्यस्तो बेलै हुँदैन । उसले हरवा बसेबापत गरिखान भनेर ३ कठ्ठा जमिन त दिएको छ तर त्यसको उत्पादनले हामी बूढा/बूढीलाई ३ महिना पनि खान पुग्दैन । अनि त्यही जग्गा पनि खोसिदिन्छ भन्ने डरले हामी उसको आदेशबेगर केही गर्न सक्ने अवस्थामा छैनौं ।

राजदेव विन

ननुपट्टी, जदुकुहा नपा-४, धनुषा

ऋणको पासोमा जिन्दगी

श्रीप्रसाद सदा

जदुकुवा, शहीदनगर नपा-५, धनुषा

श्रीप्रसाद जान्ने हुँदा नै उनका बाबु आमा नै हरवा थिए । हरवाको कोखबाट जन्मेकाले होला, उनी पनि आजसम्म हरवा नै छन् । मात्र ३ धुर, त्यो पनि ऐलानी जग्गामा बनेको झुपडी नै उनको यस धर्तीमा भएभरको सम्पत्ति हो । त्यसैले पेट भर्नकै लागि भए पनि हरवा बस्नु उनको बाध्यता बनेको छ ।

राजाराम कापर श्रीप्रसादका मालिक हुन् । हुन त राजारामको आफ्नो जग्गा ३ बिघामात्र हो तर उनले अर्को २ बिघा बटैयामा लिएका छन् खेती गर्न । नगरुन् पनि किन ? आखिर काम गर्ने त श्रीप्रसाद छँदैछन् । सोझो अर्थमा भन्दा श्रीप्रसादलाई दलाउनकै लागि उनले आफ्नोमात्र नपुगेर अरूको जग्गासमेत बटैयामा लिएका हुन् । सबै जमिन जोत्ने एक्लो हरवा हुन् त्यसैले श्रीप्रसाद ।

खेती धेरै, मान्छे एकजना । त्यसैले उनको काम गरिदिन हरेक दिन बिहान ठीक ६ बजे हिँडिसक्ने र बेलुका रात परेपछि मात्र फर्कने उनको 'रुटिन' नै बनिसकेको छ । यसरी हेर्दा उनले उज्यालो समय जति राजारामको जग्गाबाहेक

केही देख्नै पाउँदैनन् भन्दा फरक पर्दैन । यसबापत पाउने भनेको प्रतिदिन ८ किलोग्राम धानमात्र हो । जसलाई पैसामा तुलना गर्दा प्रतिदिन १६० रुपियाँ हुन आउँछ ।

उनीमात्र हो र ? उनकी श्रीमती रासोदेवी सदा पनि सधैँ श्रीमान्सँगै जान्छिन्, दिउँसभर उसैको काम गरिदिन्छिन् र बेलुका फर्कने पनि सँगै हो । यस क्रममा उनले गाईवस्तुको गोबर सोहोर्छिन् भने घाँस, कुटी तयार पार्छिन् । अनि सरसफाइको जिम्मा पनि उनैको हो । घरमा आइपर्ने अरू काम पनि गरिदिनुपर्छ अराएअनुसार । तर यसबापत उनले भने न एक गेडो अनाज पाउँछिन् न त एक सुको पैसा नै । मात्र खानाको भर । काम गरेबापत खान पाइन्छ, बस् त्यत्ति हो ।

श्रीमान् र श्रीमतीमात्र हैन, आफूहरूले मात्र नभ्याएपछि ३० वर्ष पुगेको छोरो अरूणलाई पनि राजारामकै खेतीपातीमा सघाउन लैजाने गरेका छन् बाबु श्रीप्रसादले । उनले भने बाबुको जति नै ज्याला पाउँछन्, काम गरेको दिनमा । २ हल गोरु पालैपालो जोत्छन् बाबु/छोरा । यही बाबु/छोराले पाउने धान नै भात खानेदेखि नून/तेल/मसला हुँदै दबाइ र दारुसम्म जुटाउने एकमात्र स्रोत भएको बताउँछन् उनी । आफ्नो र बालबच्चाको कपडा खरिद गर्ने मेलो पनि दोस्रो छैन, यही हो ।

पुस्तैनी हरवा बसे पनि आफ्नो जीवनमा कुनै परिवर्तन नआएपछि श्रीप्रसादले छोरालाई चाहिँ ऋणै थपेर भए पनि विदेश पठाउन खोजेका थिए आँटे गरेर । तर उनले लिएका ऋण यसका लागि बाधक बन्यो । श्रीप्रसादले सुनाए- हामीले छोरीको बिहेका लागि मालिकसँग डेढ लाख रुपियाँ ऋण लिएका थियौँ । एकातिर त्यो पैसा लेउ भनेर मागेको माग्यै छन् । अर्कोतिर छोरो विदेश गएर कमाएर ल्याउँछ, जान देऊ न त भन्दा पनि जानै दिँदैनन् । मेरो काम कसले गरिदिन्छ भनेर उल्टै झपार्छन् । यसरी ऋणको बन्धनमा पो पर्‍यौँ हामी त ।

ऋण तिर पनि भन्ने, कमाएर तिर्छु छाडिदेउ भन्दा पनि नमान्ने । आखिर ऋणलाई कारण देखाएर सधैँ आफ्नो काम सुनिश्चित गर्ने तरिका अपनाएका छन् मालिक राजारामले । श्रीप्रसाद र उनका छोरा अरूण दुवैले उनको यो रणनीति बुझेका छन् तर पनि उनीहरूसँग मालिकले भनेको मान्नुको विकल्प छैन । किनकि बीचमा ऋण तगारो बनेको छ जसले उनीहरूलाई कतै पनि डेग चल्नै दिँदैन । 'छोरो विदेश गएर कमाइ ल्याउँछु अनि ऋण तिर्छु भन्छ, साहू पहिले ऋण तिर अनिमात्र जान पाउँछस् भन्छन्, कमाउनै जान नदिइ कसरी तिर्नु ऋण ?'- श्रीप्रसादको यो जायज प्रश्नको न कतै उत्तर छ न त ध्यानपूर्वक

सुनिदिने नै कोही छ। जसको मारमा एउटा सिङ्गो परिवार परेको धेरै समय बितिसक्यो।

यिनीहरूले कमाएर घरमा रहेका बुहारी र उनका ४ जना नाति/नातिनाको पेटसमेत भर्नुपर्ने अवस्था छ। अनि शिक्षा र स्वास्थ्यको दायित्व झनै कसरी पूरा गर्नु ? यस्तो अवस्थामा ऊसँग लिएको ऋण कहिले तिर्नु र बाँधायुक्त हरवाइबाट मुक्ति पाउनु ? श्रीप्रसादको यो प्रश्न पनि आजसम्म अनुत्तरित नै छ। हरवाकै छोरी बिहे गरेकाले आफूले छोराको बिहेमा नगद नलिए पनि छोरीको बिहेमा भने दिनै परेको र यसले गर्दा पनि ऋण थपिएको गुनासो पनि उनको छ।

औंठाछाप श्रीप्रसाद र उनका छोरा अरूण दुवैलाई शङ्का पनि छ- कतै मालिकले लिएभन्दा बढी ऋण त लेखिरहेका छैनन् ? तर जे लेखे पनि पत्याउनुको विकल्प छैन उनीहरूसँग। अनि फुर्सदका बेला अरूको काम गर्न जान पनि दरिलै अनुमति पर्खनुपर्छ यी बाबु/छोराले। हरवा बसेर खेती धानिदिएबापत उसले 'गरिखान' दिएको ३ कठ्ठा जमिन पनि यिनीहरूलाई तर्साउने अर्को माध्यम बनिरहेको छ। केही माग गऱ्यो वा बार्गेनिङ गर्न खोज्यो भने यही जग्गा पनि खोसिदिने डरले आफूहरू चूपचाप बस्न बाध्य हुने भनाइ पनि व्यक्त गर्छन् श्रीप्रसाद।

सान्दर्भिक सामग्री

धुर र घुरको जिन्दगी

सिन्धुली-धुलिखेल हुँदै काठमाडौँसँग सिधै जोडिएपछि बर्दिवासले छोटो समयमा नै सहरको रूप लिएको छ। यो पछिल्लो समयमा चाँडो विस्तार हुने थोरै सहरमध्ये पर्छ। केही वर्षपहिले बैङ्कको सेवा लिन जलेश्वर जानुपर्ने अवस्था थियो। जसका लागि दिनभर लाग्थ्यो। अहिले १५ भन्दा बढी बैङ्कले शाखा खोलेका छन्। बजारको स्वरूपमा पत्याउन नसक्ने किसिमको फरक आएको छ।

यही उदाउँदो सहरबाट १७ किमि उत्तर पश्चिममा पर्ने एउटा मुसहर बस्तीको कथा भने अत्यासलाग्दो छ। बर्दिवास नगरपालिका वडा नं. १० मा पर्ने मुसहरी टोल (साबिक खयरमारा वडा नं. ७) मा २० घर मुसहरको बसोबास छ। २० घर भए पनि यहाँ झण्डै ३५ परिवार बसोबास गर्छन्। सानो एउटै झुपडीमा ४ परिवार बस्ने गरेका भोगेन्द्र सदाले भने- कोचाकोच गरेर बस्छौँ। आधा भित्र आधा बाहिर गरेर सुत्छौँ।

बालुवा नै बालुवाको लामो मडाहा खोला तर्नासाथ पुगिने यो बस्तीको पूरै क्षेत्रफल दुई कट्ठामात्र हो। यो जग्गा पनि उनीहरू सबैको नाममा दर्ता छैन्।

फागुन २ गते बिहान ८ बजेतिर बस्ती पुग्दा बाटोको मुखैमा बूढाबूढी र केटाकेटीहरू घुर तापेर बसिरहेका थिए। आगो नबले पनि धुवाँ आइरहेको थियो। सबैजसो परिवारका महिला सदस्यहरू साँघुरो आँगन (बाटो पनि त्यही) मा खाना पकाइरहेका थिए। बासी भात राखिएका थाल यत्रतत्र थिए। मैले अरू पनि मुसहर बस्ती नदेखेको हैन। तर यो बस्तीको अवस्था बढी नै दुःखदायी थियो। सामान्य कल्पनाभन्दा बाहिरको। सिमेन्टको टायलले छाएको एकबाहेक सबै झुपडीमा ढोका थिएन। ह्वाङ्ग परेको एउटै कोठामा हरेक दिन दर्जनभन्दा बढी मानिस कसरी बसेका होलान् ? अनि बाख्रा कहाँ बाँध्ने ? कुखुरा कहाँ छोप्ने ?

कुनै पनि घरमा चर्पी थिएन। बस्ती नजिकै बिजुली भए पनि उनीहरूको बस्तीमा भने बिजुली थिएन। पिउने पानीको राम्रो सुविधा थिएन। घर बनाउन जमिन नभएकाहरूले तरकारी लगाएर खाने ठाउँ पाउने कुरै भएन। बच्चाबच्चीहरू पनि बढी नै थिए। अवस्था अत्यासलाग्दो थियो।

बाहिरी मानिस आउँदा उनीहरूको अनुहारमा कुनै भाव झल्किएको थिएन । शायद उनीहरू सपना देख्न छाडिसकेका छन् । जसको सुरक्षित बास छैन । उनीहरूको स्वास्थ्य राम्रो हुँदैन । बालबालिकाहरू पढ्न पठाए पनि घरमा पढ्ने वातावरण बिथोलिन्छ । जाडोमा अति जाडो र गर्मीमा अति गर्मीका कारणले सजिलोसँग न रात बित्छ, न दिन । मूलतः कृषि मजदूरी गरेर कमायो । आज नै खायो । भोलिको कुनै ठेगान छैन । जस्तो आउँछ त्यस्तै टर्छ । बिरामी परेको समयमा साह्रै अप्ठेरो हुन्छ । बस्तीका केहीले सुनाए । दिनहुँ कृषि मजदूरी गरेर बाँचेको यो समुदायका सदस्यहरू सुत्न पनि सकसमा छन् ।

उनीहरूले खोजेको कुरा एउटै छ- घर बनाउन पुग्ने जग्गा भए झुपडी बनाउँथ्यौं । खुट्टा पसारेर सुत्न पाइन्थ्यो । भन्छन्- घर बनाउने जग्गा चाहियो । संविधानमा लेखिएको छ- हरेक नागरिकलाई सुरक्षित आवासको हक हुनेछ । हरेक नागरिकभित्र यिनीहरू पनि पर्नुपर्ने हो । र, गएको चुनावमा यहाँ नेताहरू भोट माग्न पुगेका पनि हुन् ।

बाबुराम भट्टराई प्रधान मन्त्री हुँदा महोत्तरीकै कुनै मुसहर बस्तीमा गएर रात बिताउनुभएको विषय चर्चामा आएको थियो । त्यतिखेर अब गरिबका दिन आएका हो कि जस्तो पनि नलागेको हैन । तर उचित नीति र कार्यक्रम नबनाउने अनि एक रात मुसहरको घरमा गएर बस्नेमात्र कार्यले खोजेको परिवर्तन आउँदो रहेनछ । यसरी जानु नराम्रो हैन । तर ठाउँमा पुगेको बेला सार्वजनिक खपतका लागि भन्दा दरिलो नीति बनाउन सकेको भए बढी हितकर हुने थियो । उनले सबै मुसहरलाई व्यवस्थित आवासको कार्यक्रम सुरु गरेका भए आजसम्म धेरै फरक पर्थ्यो कि ?

यही नगरपालिकाको वडा नं. १४ मा धुर्मुस सुन्तली फाउन्डेसनले मुसहर समुदायकै लागि नमुना बस्ती बनाएको छ । जसको देशभित्र र बाहिर पनि चर्चा छ । सरकारले पनि उनीहरूको कामलाई सराहना नै गरिरहेको छ । तर त्यो मोडललाई सरकारले अन्यत्र पनि फैलाउनुपर्थ्यो । धुर्मुस सुन्तलीले गरे हुन्छ भनेर देखाएका थिए । तर सरकारले यसबाट सिकेको छैन । अन्य सङ्घ/संस्थाले पनि सिक्न चाहेका छैनन् ।

यिनीहरूको दुःख र गरिबी कम गर्न भनेर केयर नेपालले बस्तीका १८ घर मुसहर समेटेर मुसहर सामुदायिक वन दर्ता गर्न सघाएको रहेछ । यो २०५३ तिरको कुरो हो । सामुदायिक वनको क्षेत्रफल ३५ हेक्टर छ । वनबाट मुसहरको जीविकोपार्जनमा सहयोग पुगोस् भनेर आँप खेती गरिएको रहेछ । आँप मुसहरहरूले अनेकन् दुःख गरेर हुर्काए । फल्न थाल्यो । पछि त्यसमा वरिपरिका धनी मानिसको आँखा पऱ्यो । अरू (जो गैरसदस्य हुन्) ले पनि भाग चाहियो

भन्न थाले । अहिले मुसहरबाहेकका अन्य पनि जबर्जस्ती सदस्य भएका छन् । अबको केही वर्षमा यो मुसहरबाहेकका वन बन्ने खतरा बढेर गएको छ । विनासित्तिको खाली जग्गा व्यवस्थापन गरुन्जेल कसैलाई वास्ता भएन । वन चाहिएन । जब आँप फल्न थाल्यो तब सबैलाई सदस्य हुनुपऱ्यो । सामुदायिक वन जोगाउन धेरै दुःख गरेमध्येकी एक दिदीले दुखेसो सुनाउनुभयो ।

पहिलेको जग्गामा बस्नलाई सकस भएपछि बेचेको आँपबाट पैसा जोगाइ केही वर्षपहिले ७ कट्ठा १० धुर २० परिवारले जग्गा किनेका थिए । २०६५ सालमा किनिएको यो जग्गाको प्रत्येकसँग ७ धुर जग्गाको पुर्जा छ तर त्यो जग्गामा पनि मोही लागेको रहेछ । त्यसरी किन्न लागेको जग्गामा मोही लागेको थाहा भएपछि उनीहरूले भने- पूरै पैसा तिरेर हामी मोही लागेको जग्गा किन्दैनौं । जग्गा मिलाउन सहयोग गर्ने स्थानीय रामदुलार यादवले यो मोही मेरो काका हो, म मिलाउँछु भनेर जग्गा किनाए । जग्गा किनेपछि घर बनाउन जाँदा घर बनाउन दिइएन । पहिलेका उपप्रधान पञ्च भइसकेका यादव थरका परिवारले २० घर मुसहरबाट मोहियानी हकबापतको आधा जग्गा पाउन निवेदन दिएका छन् । अर्थात अब प्रत्येकको ७ धुरबाट आधा जग्गा कट्टा हुन्छ । मोही जग्गा कट्टाका लागि निवेदन दिएका यादव भन्छन्- मुसहर ठूला भएर मेरा कुरा सुन्न छाडे । यिनलाई देखाइदिनुपरेको छ । सामान्य मान्छेको जीवन जिउनबाट वञ्चित यिनीहरूलाई यहाँभन्दा थप के देखाइदिने ? के दुःख दिने ? बुझ्न सकिएन ।

यो एउटा बस्तीको दुःखको कथा हो । मुसहरहरूको अन्यत्रको अवस्था पनि धेरै फरक छैन । तराईका ३५ जिल्लामा छरिएर रहेका मुसहरहरू जसको जनसङ्ख्या करिब २ लाख ५० हजार छ । पूर्वी तराईका ८ जिल्लामा अन्यत्रभन्दा बढी देखिन्छ । प्रायःजसो उनीहरू कृषि श्रमिकका रूपमा माटो काट्ने र खेतीपातीमा श्रम गर्ने काम गर्छन् । तराईको दलित समुदायभित्र पनि सर्वाधिक पिछडिएको जाति मुसहर हो । यिनीहरूको व्यवस्थित आवासमा स्थानीय र प्रदेश सरकारको ध्यान जान सके पिँधमा परेको एउटा वर्गलाई थोरै भए पनि न्याय हुन सक्थ्यो ।

मुसहरहरूको मुख्य जीविकोपार्जनको आधार कृषि मजदूरी हो । यो समुदायले पहिला खेतीपातीका अलावा माछा, गङ्गटा, घुङ्गी, मुसा र चरा मारेर खाने गर्थ्यो तर अहिले खोलामा, वनमा त्यस्तो चिजबिज पाइन मुस्किल छ । हाल उनीहरू खेतीपातीबाहेकको समयमा बालुवा बनाउने, गिट्टी फोड्ने काम गर्छन् । तर मुख्य पीर बास र गाँसकै छ ।

२०७४ फागुन ६ मा नागरिक दैनिकमा छापिएको जगत देउजाको लेख

उनीहरू को हुन् ?

दिनको १५, १६ घन्टा खेतीपातीको काम गर्छन् । आफ्नो जग्गा छैन । एकाधबाहेक अधिकांश दलित हुन् । नामको पछाडि सदा वा राम जोडिएको छ । मण्डल पनि छन् । खोलाछेउको ऐलानी जग्गामा घर छ । एक दिन काम नगरे भोकै बस्नुपर्छ । अप्ठेरो परेको बेला लिएको ऋणको चर्को ब्याजले उठ्नै नसक्ने बनाएको छ ।

यस्तो अप्ठेरो जिन्दगी बाँचेकाहरू अरू कोही हैनन् । हाम्रै दाजुभाइ र दिदीबहिनी हुन् । जसलाई हरवा/चरवा पनि भनेर बुझिन्छ । र, यो समस्या मूलतः प्रदेश नं. २ का जिल्लामा छ । जमिन र अरू सम्पत्ति नभएपछि जिन्दगी उकासिने भन्दा पनि झन् झन् झासिँदै गएको छ । जब धितो राख्ने सम्पत्ति हुँदैन । उनीहरू साहूको चर्को ब्याजमा ऋण काढ्न बाध्य हुन्छन् । जब ऋण लिन बाध्य हुन्छन् । चर्को ब्याजका कारण तिर्न सम्भव नै हुँदैन । ऋण लिएपछि निःशुल्क काम पनि गरिदिनुपर्‍यो । जो कमजोर छ उसले अब सित्तैंमा पनि काम गर्नुपर्ने भयो । अथवा ऊ र उसको परिवार खाल्डोमा जाकियो । पछिल्ला अध्ययनअनुसार ९७ हजार हरवा र १२ हजार तिनका बालबालिका बँधुवा जिन्दगी जिइरहेका छन् । जुन बाहिरी आँखाले देखिँदैन । तर ऋण, भूमिहीनता, निरक्षरता र कमजोर शक्ति सम्बन्धले यसलाई टिकाइरहेको सत्य हो । जसले बाल विवाह, बाल मजदूरी र बाल बेचबिखन पनि बढाएको छ ।

दसन मण्डलको घर सप्तरीको हरिहरपुर हो । उनी अहिले हरवा/चरवा अधिकार मञ्चका अध्यक्ष चुनिएका छन् । अध्यक्ष हुनुअघि पनि उनी आफू र बँधुवा जिन्दगी बिताएका अरूको मुक्तिका लागि लागेको दशक नाघिसकेको छ । उनले धेरैपटक प्रधान मन्त्री र मन्त्रीहरूलाई हात मिलाएर फोटो खिचेका छन् । धेरैपटक समस्याको गाँठो फुकाउने आश्वासन पनि पाएका छन् । तर राजनीतिकरूपले ठूलै परिवर्तन भइसक्दा पनि हरवा/चरवाको जिन्दगी उही पञ्चायती कालभन्दा फरक हुन सकेको छैन । दसनको बुझाइको मुक्ति भनेको हरवाको सुरक्षित आवास, खान पुग्ने जमिन वा अन्य जीविकाको व्यवस्थापन हो । यो कुनै अप्ठेरो माग नभएर आधारभूत माग हो । जुन संविधानमा पनि लिपिबद्ध भएको अधिकार हो ।

मुलुकले स्थानीय सरकार पाएको एक वर्ष पुग्न लाग्यो । प्रदेश सरकार पनि बन्यो । सङ्घीय सरकारले पूर्णता पाउँदैछ । यससँगै उठिरहेको प्रश्न हो- राज्यको संरचनामा आएको हेरफेरले सीमान्त वर्गको अपेक्षाहरूलाई सम्बोधन गर्ला ? भुइँ वर्गका नागरिकको चासो र आवश्यकतालाई सम्बोधन गर्ला ?

हरवा/चरवाले भोगिरहेको अन्याय र शोषण सामान्य किसिमको सहायताले अन्त्य हुन सम्भव छैन । उनीहरूलाई जबसम्म ऋणको बन्धनबाट बाहिर ल्याउन सकिँदैन र आफ्नै स्वामित्वमा सुरक्षित आवासको व्यवस्था गरिँदैन, उनीहरू सधैँको दासी जीवन जिउन बाध्य हुनेछन् । यसका लागि उनीहरूलाई गरिब बनाउने, शोषण गर्ने पक्षहरूमा हस्तक्षेप गर्नुपर्छ । त्यसका कारणहरूमा सम्बोधन हुनुपर्छ । स्रोत र साधन मूलतः जमिनमा उनीहरूको पहुँच बढाउनुपर्छ ।

हिजो हरवा/चरवा आफ्ना समस्या सुनाउन सक्दैनथे । सहेर बस्थे । धेरथोर सङ्गठित हुन थाले । गैरसरकारी संस्थाको सहयोगमा नीति निर्माताहरूलाई आफ्ना चासो सुनाउन सक्ने भए । केही नीति तथा कार्यक्रममा हरवा-चरवाका विषय समेटिए । तर त्यसलाई सम्बोधन गर्नतर्फ जिम्मेवारीपूर्वक कार्य गरिएन । उनीहरूले पटकपटक सरकारी वाचाको फलोअफ गर्न सक्ने स्थिति पनि हुने भएन । यसो हुँदा यी निम्छराहरूको विषय कागजमा मात्र सीमित भयो । तर हरवा-चरवाको कार्यक्रम बजेट छुट्टिएर पनि कार्यान्वयनमा आउन सकेन । गैरसरकारी क्षेत्रको प्रयासले पनि अवस्थामा खासै परिवर्तन आएको छैन । हरवा/चरवा भने अझै सशक्त भएका छैनन् । शक्ति सम्बन्धमा पनि केही फरक आएको छैन ।

पहिलेको जस्तो जमिनदारी छैन । तर शोषण र अन्याय पनि घटेको छैन । पहिले ठूला जमिनदारहरूले गुण्डा र लठैत पालेका हुन्थे । बन्दूकले तर्साइन्थ्यो । पूरै परिवार नै जमिनदारको घरमा खेती र घरको काममा जुट्नुपर्थ्यो । यसका लागि हरेकलाई उनीहरू ऋणमा फसाउँथे । केहीगरी हरवाले ऋण लिएन भने उसको घरमा लठैतले आगो लगाउँथे । र, ऋण लिन बाध्य पारिन्थ्यो । छोरी/बुहारीहरू बलात्कृत हुन्थे । ऋण दिएपछि बढ्दै गएको ऋण तिर्न नसकेपछि बचे/खुचेका जग्गा खोसिन्थ्यो । खुद आजका हरवाले फाँडेर बनाएका खेत जमिनदारहरूले जालझेल गरेर खोसेका थिए ।

सिरन सदा ५५, सप्तरी बदगका बासी हुन् । उनका हजुरबुबा पनि हरवा थिए । उनले लिएको ऋण तिर्न अहिले पनि सिरन हलो जोतिरहेका छन् । तिर्न कति बाँकी छ ? कहिलेसम्म हलो जोत्नुपर्ने हो ? उनलाई पत्तो छैन । चर्को ब्याजका कारण उनलाई साहूको ऋणबाट मुक्ति पाइएला भन्ने लागेको छैन । गरिबी भोग्न नपर्ला भन्ने पनि उनलाई आशा छैन । उनको घर नदीछेउको ऐलानी जमिनमा छ । गाउँमा दैनिक ज्यालादारीको काम पाइन्छ । तर त्यो काम गर्न उनले पाएका छैनन् । कारण उनले ऋण खाएका छन् । उनले छोरालाई मजदूरीका लागि भारत पठाएका छन् । र, उनको छोराले हालसालै मोबाइल पठाइदिएको छ । उनी

सो गाउँका भाग्यमानी मानिन्छन् । किनकि उनी गाउँमा मोबाइल हुनेमा गनिन थालेका छन् ।

सिरहा, हनुमानगरकी सोनावती सदाले जमिनदारसँग ४ हजार ऋण लिएकी थिइन् । अहिले उनको ऋण ४० हजार पुगेको छ । र, यो ऋण उनले ६ जनाबाट लिएकी हुन् । यसमध्येको धेरै ऋण उनले आफ्नो परिवारको उपचारका लागि लिएकी थिइन् । यो ऋणको ब्याज ६० प्रतिशत छ । यो ऋण नतिरे बसेको ऐलानी जग्गाबाट उठिबास हुनुपर्छ । परिवारका सदस्य भारतमा गएकाले यो ऋण तिर्न सकिन्छ कि भन्ने उनीमा आश भने रहेको छ ।

हरवा/चरवा कुनै भाग्यको खेल हैन । यो मान्छेले सिर्जना गरेको समस्या हो । के गऱ्यो भने यो दुर्दिन हट्ला ? ऋण मिनाहा भए धेरै हलुका हुनेछ । स्वास्थ्य उपचार सरकारले गरिदेओस् । घरका लागि कम्तीमा १ कठ्ठा जग्गा होस, १२ महिना खेती गरेर खान पुग्ने जमिन पाइयोस् । उनीहरूको अपेक्षा छ ।

संविधानमा कुनै पनि नागरिकलाई बँधुवा बनाउन नपाइने व्यवस्था भए पनि व्यवहारमा विभिन्न स्वरूपमा बाँधा प्रथा कायम भइरहेकै छ । यस्तै शोषणकारी प्रथाहरू कमैया, हलिया, कमलरी आदि प्रथाबाट नागरिकलाई बाहिर ल्याउन सरकारीतवरबाट प्रयास भइरहेको भए पनि हरवा/चरवा प्रथा अन्त्यका लागि भने अझैसम्म पनि ठोस प्रयास चालिएको छैन । सरकारको नीति तथा कार्यक्रम र बजेटमा यी विषयमा केही उल्लेख भए पनि व्यवहारमा सरकारी प्रयास लगभग शून्यको अवस्थामा छ ।

अब यस विषयमा स्थानीय र प्रदेश सरकारले नै ठोस कदम चाल्न आवश्यक छ । स्थानीय र प्रदेश सरकारले जमिनदारहरूसँग पनि यस विषयमा संवाद गरेर हाल उपयोग गरिरहेको जग्गा दर्ता गराउन अभियान चाल्न सक्छन् । यसो भयो भने आर्थिक बोझ कम हुन जान्छ । जनता आवास कार्यक्रम हरवा परिवारमा केन्द्रित गर्नुपर्छ । उचित ज्याला तोकेर सोको पूरापूर कार्यान्वयन गराउनुपर्छ । ऋण मिनाहा त गर्नैपर्छ । बालबालिकाको शिक्षालाई अनिवार्य गराउनैपर्छ । हरवाका छोराछोरी जन्मँदै ऋणको बोझ बोक्नुपर्ने अहिलेको निराशाजनक स्थिति तोडेर केही आशासहित बलियो बनाउने जिम्मेवारी मूलतः प्रदेश सरकारको काँधमा छ ।

२०७४ फागुन २९ को नागरिक दैनिकमा छापिएको जगत देउजाको लेख